Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ११, २०७९ साल असोज १८ गते मंगलबार (Oct 4, 2022) www.janaakash.com.np मूल्य रु १०/-

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४३ र छठ पर्व २०७९ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनीहरु, ग्राहक वर्ग , विज्ञापनदाता, शुभेच्छुकलगायतमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनआकाश साप्ताहिक परिवार

Email: jana.news2065@gmail.com

# दशै सबैको घरघरमा, यसको महत्व कति ?

**मोहन कार्की**

गएको बर्ष झै यस बर्ष पनि विजया दशमी सवैको घर घरमा प्रवेश गरिसकेको छ । उक्त अवसरमा १६ गते नै नेपाली सेनाले गोर्खावाट फुलपाती ल्याई काठमाडौको टुडिखेलमा भव्य कार्यक्रम गरिसकेको छ । दशैलाई नेपालीहरुले महान चाडको रुपमा मनाउने गरेका छन् ।

**के छ त यसको महत्व ?**

बडा दशैं आश्विन शुक्ल पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सव हो । दशैंलाई बडा दशैं, दशहरा, विजया दशमी, आयुध(पूजा आदि नामले जानिदै आएको छ । यो खासगरी आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्मका फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी लगातार चार दिनको महापर्व हो । यो नेपालीहरूको सबैभन्दा ठूलो राष्ट्रिय चाड हो । त्यसमा पनि विजयादशमी मुख्य दिन हो ।

त्रेता युगमा यहि दिनमा श्रीरामले सीताको हरण गर्ने रावणको बध गरेको सम्झनामा यस चाडलाई विशेष गरी मनाइन्छ । श्रीरामले दशैँ दिनमा रावणमाथि विजय हाँसिल गरेको भएर



दशैलाई वडादशै एवम् विजयदशमीको नामले पूकारिन्छ । दशैंलाई असत्य माथि सत्यको बिजयको रुपमा हेरिन्छ ।

विजयदशमी भगवान रामको विजयको रुपमा मनाए पनि वा दुर्गा पूजाको रुपमा, मनाए पनि यो शक्ति( पूजाको पर्व हो, शास्त्र पूजनको तिथि हो । हर्ष एवं उल्लास तथा विजयको पर्व हो । हिन्दू सँस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो । व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैंको उत्सव(पर्व सुरु भएको मानिदै आएको र महा खुशीको पर्व पनि भनिन्छ ।

चाडपर्वहरुले एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछ्न । हर्ष, उल्लासका साथ आउने र मनाउँने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ । भिन्न खुसी र सुख प्रदान गर्दछ । यसले पूरै वातावरणको परिवेशलाई उल्लास र रौनक तर्फ परिवर्तन गरिदिन्छ । त्यसैले त चाडपर्वलाई विशेष महत्वका साथ मनाइने गरिन्छ । त्यसैले नेपालका नागरिकहरुले बर्ष भरीमा गर्ने किनमेल मध्य ९० प्रतिशत किनमेल यसै दशैको अवसरमा गर्ने गरेको तथ्याङहरु सार्वजनिक हुने गरेका छन् ।

त्यही भएर नेपालीहरुले महान् चाडको रुपमा दशै हर्सोल्लासका साथ मनाउदै आएका छन् । बडादसैंको पर्वमा मालसिरी वा मालश्री धुन बजाएर र गीत गाएर रमाइलो पनि गरिन्छ । देश बिदेश वा टाढा टाढा भएका आफ्ना साथीभाई, आफन्तजन सँग भेटघाट हुने वातावरण यसै समयमा सिर्जना हुन्छ । पर्वले यस्तो सुनौलो अवसर जुटाइदिन्छ । त्यसको बेग्लै मज्जा छ । दशैमा दक्षिणा, टिका, जमरा र पिङको मज्जालाई छुट्टै खास अर्थ र महत्वका रुपमा लिइन्छ । बास्तवमा दश दिन मनाइने हुनाले पनि यो नेपालीहरुको महान पर्वलाई दशैं भनेको हुनुपर्छ । दशैंमा नवदुर्गा बाँकी ६ पृष्ठमा

## दशैंमा घर फर्कनेको लर्को, यात्रामा सास्ती

काठमाडौँ । रोजगारी, बसाइसराइ तथा बढ्दो शहरीकरणका कारण अहिले धेरै गाउँ उजाडिएका छन् । गाउँका प्रायः घरमा झार पलाएका छन् भने परिवार भएको घरमा समेत बुढाबुढी मात्रै देखिन्छन् । दश वर्ष अघि बागलुङ नगरपालिका ८ स्थित मैनाकली कार्कीको परिवार गाउँमै ठूलो थियो । एघार जनाको परिवार रहेको उहाँका श्रीमान् मृत्यु भयो । छोरा छोरी र नातनातीना बजार झरेपछि उहाँ एक्लै हुनुभएको छ । उहाँमात्रै हैन अहिले सोही गाउँका अधिकांश घरमा बुढाबुढी मात्रै छन् । तर उक्त गाउँको खुशी दशैसंगै फर्किएको छ । अहिले गाउँमा दशैको रमझमले कार्कीसहित अन्य गाउँले औधी खुशी भएका छन् । दशैं शुरु भएपछि मैनाकुमारी कार्की जस्तै बुढाबुढीको खुशी फर्केको छ । दशैं आएपछि घर लिप पोत गरेर चिटिक्क बनाइको छ भने परिवार दशैं मान्न घरमा आउने क्रम जारी रहेको छ । जागिर, व्यवसाय तथा अध्ययनका कारण म बाहेक घरमा कोही छैन, कोही विदेश गएका छन् भने केही बागलुङ सदरमुकाममा छन् मैनाले भन्नुभयो तर दशैं तिहार आएपछि विदेश गएका समेत आए भने बजारमा बस्दै आएका छोरा नाती सबै आउदा मनमा दसैं आएको आभाष भएको छ, एक्लै बस्दा न्यास्रो लाग्ने मलाई दशैंले गर्दा खुशी फर्किएको छ ।

यस्तै हर्कबहादुर जिसीले दशैंमा कोसेलीका रुपमा बारीमा पसाएका दुई घारी केरा पकाउनलाई राख्नुभएको छ । उहाँले गाउँमा दशैं आएका परिवारलाई खुवाउनका लागि केरा पकाउन राखेको बताउनुभयो । गाउँमा अहिले युवा पुस्ता पाइनै छाडेपछि लिङ्गे पिङ र चर्खे पिङ देखिनै छाडेको भएपनि गाउँ फर्कनेको संख्यामा बृद्धि भएको छ । झार उम्रेका घर आगन समेत सरसफाइ गरेर चिटिक्क परेका छन् भने बाटो घाटो र चौतारी पोखरी सरसफाई गरिएको छ । दशैंमा छोरा नाती आउने भएपछि बारीका केरा पकाउन राखे, घर लिप पोत गरेर चिटिक्क छ उहाँले भन्नुभयो एक वर्ष सम्म बुढाबुढी मात्रै बस्दै वित्छ दशै तिहारमा त छोरा बुहारी र नातनातीना संग बस्न पाइन्छ, त्यस्तै छ अहिलेको दशैं । बसाइसराइले बन्द रहेको घरमा समेत अहिले दशैं मनाउन फर्केकाले सरसफाइ गरेर चिटिक्क बनाएका छन् । अघि पछि गाउँको खुशी नै लुटिएपनि दशैं आउदा भने गाउँको मुहारै फेरिने बाँकी ६ पृष्ठमा






'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन निष्पक्ष होस्

प्रतिनिधिसभा र प्रदेशसभा २०७९ मंसिर ४ गते निर्वाचन गर्न निर्वाचन आयोगले समय तोकिसकेको छ । उक्त निर्वाचनमा भाग लिन राजनीतिक दल, स्वतन्त्र उम्मेद्वारहरुलाई निर्वाचन कार्यलयले यहि असोज २३ गते आवहन गरिसकेको छ । यहि समयमा राजनीतिक ठुला भनिएका पार्टीका नेताहरु निर्वाचनमा प्रतिस्पर्धा गर्न पार्टीका टिकट दिने ठाउँमा बसेका नेताहरुको घर दैलो चारिरहेका छन् । राजनीतिलाई सेवा गर्नुको साट्टो कमाउने थलोको रुपमा बुझ्केका नेताहरुले टिकट लिने र दिने बिषयमा नै असल ब्यवहार भएका नेता कार्यकर्तालाई पाखा लगाएर पैशा भएकाहरुलाई टिकट दिने र लिने चलन बढेको देखिन्छ । यसले पार्टीहरुको विचार, सिद्धान्त, नीति भन्दा बाहिर गएको हुनाले र पार्टीको सिद्धान्त, विचार, उदेश्य नबुझ्केका मानिसहरुले टिकट लिएर जनतामा जादा त्यसले निष्पक्ष निर्वाचन गराउन समेत समस्या उत्पन्न हुने सम्भावना देखिन्छ ।

जुन काम राजनीतिक ठुला भनिएका पार्टीहरुले यस्तो गलत काम गर्नु हुदैनथ्यो त्यो गलत काम गरिसकेका छन् । त्यसवाट उत्पन्न परिस्थितिको सामना गर्दै निर्वाचन कार्यलयले अपनाउनु पर्ने सावधानी र प्रयोग गर्नुपर्ने संयन्त्रहरु प्रयोग गरेर २०७९ मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष भयरहित वातवरणमा सम्पन्न गराई जनताले जस्तो उम्मेद्वार चुन्ने हुन जनताको जनमत जस्ताको तस्तै कार्यन्यवनमा आओस भन्ने चाहना सर्वासाधरणको रहेको छ । त्यो चाहनालाई निर्वाचन कार्यलयले पुरा गर्दै निष्पक्ष निर्वाचन गराउन भुमिका निर्वाह गरोस् ।

अर्को गठबन्धनको नाममा असललाई भन्दा कोही कसैको नजिक भएको ब्यक्तिलाई उम्मेद्वार बनाएर पठाउदा जनताले रुचाएको नेतृत्व अवसरवाट बञ्चित हुने सम्भावना कम रहेको देखिन्छ । त्यसकारण पनि जनताले राजनीतिक पार्टीका भन्दा बाहिरका स्वतन्त्र उम्मेद्वारहरुलाई पनि मतदान गर्ने सम्भावना रहन्छ । त्यस्तो अवस्थामा राजनीतिक पार्टीहरुका नेताले निर्वाचन हार्ने सम्भावना भएको खण्डमा धाधली गर्न सक्ने सम्भावनालाई समेत ध्यानमा राखेर निर्वाचनलाई सुरक्षित भयरहित वातावरणमा सम्पन्न गर्न सम्बन्धित निकायहरुले चनाखो भएर निर्वाचन सम्पन्न गराओस् ।

# दशा नबनोस् बडादसैँ

अच्युतप्रसाद पौडेल 'चिन्तन'

भर्खरै दसैँका लागि रूट पर्मिट खुलेको छ, टाइम कार्ड, यान्त्रिक चेकजाँच, लामो दूरीमा २ चालकजस्ता प्रावधानहरू पनि लागू गर्ने निर्णय गरिएको छ । विगतलाई हेर्दा धेरैजसो दसैँ दशा बनेको छ । ठूलो चाड दसैँअघिपछि मानिसहरूको ज्यादा चहलपहल हुन्छ । एक स्थानबाट अर्को स्थानमा आउजाउ बाध्यता हो र विवशता पनि । र, यही समयमा सवारी चाप बढी दुर्घटनाहरू ज्यादा हुने गरेका छन् । गत आव २०७८/०७९ को अध्ययन गर्दा सवारी दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या २ हजार ८ सय ७३ छ । प्रहरी स्रोतका अनुसार दसैँ घटस्थापनादेखि १५ दिनको अवधिमा औसत ६ सय बढी सवारी दुर्घटना हुने गरेको विगत छ भने औसत १ सयभन्दा बढीको ज्यान गएको छ । २०७८ को दसैँ सेरोफेरोमा १ सय ४७ जनाको ज्यान गएको छ भने सरदर प्रतिदिन ७ जनाको मृत्यु हुने गरेको विगत छ । अझ अघिल्लो २०७७ सालको दसैँको तथ्यांक हेर्दा १ सय १४ जनाले जीवन गुमाएको देखिन्छ । स्वादे जिब्रो धेरै खानुपर्ने, मान्यजनलाई नभेटी नहुने हाम्रो दसैँ खल्लो नभएर मीठो हुनु पर्ने हो, तर हुने गरेको छैन । अघिपछि देशमा निजी सवारीहरू बढी दुर्घटना हुने गरेका छन् भने दसैँमा सार्वजनिक सवारी साधनको दुर्घटना धेरै छ । अमूल्य जीवन सकिनु आफैँमा नरमाइलो पक्ष हो, बित्ने त बित्लान्, बाँकीलाई ज्यादा विरह हुन्छ । प्राकृतिक र मानवनिर्मित दुई कारणले ज्यान जानेको संख्या बढेको छ देशमा । भूकम्प, कोरोनाले कति उडायो अनि दसैँको मुखैमा डिँगोले हालसम्म ३० जना बढीलाई निलिसकेको छ, बिरामी त हजारौँहजार छन् । अदृश्य शक्ति कोरोनासँग लड्न सकिएन तर दृश्य लामखुट्टेको टोकाइबाट पनि जनता बचाउन नसक्ने हाम्रो सरकारलाई आफ्नै अभिभावक हो कसरी भनौँ ? महँगीको उपहार दिलाउने सरकारी निकाय पेट्रोलियम पदार्थको मूल्य तीन पटकसम्म घटेर आउँदा यहाँ चूँसम्म गर्दैन आयल निगम, भन्छ घाटा छ ।

सवारी दुर्घटनामा अबोध यात्रुलाई के थाहा हुन्छ, कुन गाडी कस्तो छ भनेर, बस् उसलाई चढ्न पाए पुग्छ, हेर्ने त सवारी चालकले हो, सवारी धनीले हो, प्राविधिकले हो, अनि नियमनकर्ता सरकारी निकायले हो । हाम्रो प्रकृति त्यस्तै छ, हुस्सु, कुहिरो, हावाहुरी, चट्याङ, सडकको दुरवस्था, हिलो, पानी जम्ने खाल्डा, घुम्तीहरू, भिरोलो बाटो, बाटामा निर्माण सामग्री थुपार्ने बानी, ढलको अवस्था भनौँ पूर्वाधारमै ज्यादा कमजोर छौँ हामी । चालकको लापरबाही, लामो समय एउटै चालकले सवारी चलाउने, गाडीको मर्मत(सम्भार नगर्ने, मादक पदार्थको सेवन, चलाउँदा मोबाइलको प्रयोग, झिलिमिली दृश्यको आकर्षण, सँगै युवतीसँगको गफ, ढोका खुल्लै राख्ने बानी, ज्यादा पैसा कमाउने लोभले यात्रुको कोचाकोच, ओभरटेक गर्ने बानी, ट्राफिक नियमको पालना नहुनु, ब्रेक फेल हुने, टायर पञ्चर, ओभरलोड, यान्त्रिक गडबडी, सवारी बत्तीको अभाव, सिकारु चालक कैयन् असावधानीले गर्दा अमूल्य जीवन सखाप हुने गरेको छ । सडकको गुणस्तरमा चोरी गर्ने ठेकेदार, आँखा चिम्लिएर बिल पास गर्ने प्राविधिक, कमिसन लुँड्याउने नेता, थोत्रा र पत्रू भएका गाडी सडकमा उतार्ने गाडी धनी, सिकारु चालक, अपरिपक्व र अझ पाएसम्म खलाँसीलाई चलाउन दिने चालकको कुकर्मले गर्दा मानव जीवन अकालमा समाप्त हुने गरेको छ । हाम्रो भूगोल पनि त्यस्तै छ र अचेलको माटो छोप्ने विकास र वडा अध्यक्षका डोजरहरूले गर्नु/नगर्नु नै गरेको छ । दसैँको पूर्वसन्ध्यामा काठमाडौँको कपनमा अक्सिजन सिलिन्डर पड्केर आलिशान महल ध्वस्त भएको र चार जनाको मृत्यु भएको खबर अनि काठमाडौँबाट हेटौँडा गइरहेको यात्रुवाहक बस भीमफेदीमा दुर्घटना हुँदा सात जनाको मृत्युको खबर एकैसाथ आइरह्यो । लगत्तै रुकुमपूर्वको सवारी दुर्घटनामा पाँच जना स्वाहा भए । टिपर राष्ट्रपतिले नागरिकता ऐन जारी गरिनन् भनेर यामानको गर्धन पसार्नेहरू बसेको देशमा निरीह नागरिकले ऐय्या पनि भन्न पाउँदैन, यहाँ मौलिक हक केवल संविधानमा लेखिन्छ, त्यो आफैँ बोल्दैन, बोलाउनेहरू नै पाखा लागेका छन् । माछामासुमा यहाँ आत्मनिर्भर भनियो । कृषिप्रधान देशमा बर्सेनि चामल अर्बौंअर्बको विदेशबाटै आएझैँ, महँगा गाडी चढ्दै फलफूल पनि निलिदियो । साँच्चै दसैँमा बोका, खसीलाई मात्र दशा भएन मानव जीवन नफर्कने गरी गयो । संसारमा नवोदित देशहरूले पनि उपल्लो विकास गरिसकेका छन् । गगनचुम्बी महल र सफा सडक तिनको विशेषता हो भने जमिनमुनि तिनले पानीजहाज कुदाएका छन् । जमिनमा एमआरटी अर्थात् मास र्‍यापिड ट्रान्सपोर्टेसन, जमिनमाथि रेल हुइँक्याएका छन् र आकाशमा त

**अबको २० वर्षमा देश वृद्धहरूको मात्र हुनेछ, युवाहरू कोही हुनेछैनन्, राजनीतिले जोसिला युवाहरूलाई विदेश पठाउन बाध्य गराएको छ, जो यहाँ बसेका छन्, दलको फेरो समातेर बसेका छन्, परिवर्तन त चाहेका छन् जनताले तर बालेनहरूलाई पनि सकस छ, न्यायालयकै पखेटा झिकिएको परेवाजस्तो हुने देश र राष्ट्रपतिले नागरिकता ऐन जारी गरिनन् भनेर यामानको गर्धन पसार्नेहरू बसेको देशमा निरीह नागरिकले ऐय्या पनि भन्न पाउँदैन, यहाँ मौलिक हक केवल संविधानमा लेखिन्छ, त्यो आफैँ बोल्दैन, बोलाउनेहरू नै पाखा लागेका छन् । माछामासुमा यहाँ आत्मनिर्भर भनियो । कृषिप्रधान देशमा बर्सेनि चामल अर्बौंअर्बको विदेशबाटै आएझैँ, महँगा गाडी चढ्दै फलफूल पनि विदेशबाटै आएकाले खाद्यान्न मात्रै होइन, सबै वस्तुहरू छोइसक्नु भएन, हुनेखानेलाई दसैँ मीठो हुन्छ होला, तर पनि हुँदा खानेलाई दसैँ बेस्वाद मात्रै हुन्नँ, रिँगटा नै लाग्ने भएको छ । श्रीहरूका शुभकामनाले भरिँदैन पेट, बेरोजगार छन् मानिस । विगतमा जमरा राखे कसैले लाउन भ्याएनन्, लाए कसैले सेलाउन भ्याएनन्, सिंगै खसी काटेर जिब्रो रसाउने इच्छा पूरा भएन, खसी मार हाने, जुठो पर्‍यो, कालले यति धेरैलाई उडायो, मान्छे यति धेरै मरे कि भ्याइनभ्याइ नै भयो सागर जान । आफन्तको बिदाइको छटपटी हुँदा मरेका खसीबोका कसैले फ्रिजतिर राखे, कसैले फाले, फाल्न पनि सजिलो थिएन, खसीबोकाको मूल्य सम्झँदा सागर गएजत्तिकै आँसु झर्ने थियो ।**

दुर्घटनाहरूले सबैको सातो लिएको देशमा बाढी, पहिरो, मलेरिया, डिँगो, कोरोनाले ज्यान गइरहेको छ । दर्द नजिककालाई थाहा हुन्छ, कलंकीमा हेभी ट्रकले मोटरसाइकललाई हानेर पंक्तिकारको एक आफन्तलाई निलेको आलो घाउमा मल्हमपटी लागिसकेको छैन, भर्खरै । पोहोर तुइन काटिएर जयसिंह धामी खोलामा खसे, दसैँमा लिंगे पिङ हाल्दा हाल्दै पिङबाट खसेर एक जनाले मकवारपुरबाट बिदा लिए, यो भयो असावधानी । पहिले त दसैँको पूर्वसन्ध्यामै मानव निर्मित गोली चलिदियो रुपन्देहीमा, हुकुम्बासी वा सुकुम्बासी के हुन् थाहा भएन, तर मोतीपुर औद्योगिक क्षेत्रमा चार जना स्वाहा भए । प्रहरी, नागरिक सामुदायिक अभियान, सत्य, सेवा, सुरक्षणंको नारा खोक्रो भयो, लोकतन्त्रमा तातो गोली, अन्य विकल्प रहेनछ । फूलपाती नभित्रयाउँदै भएको यो घटना सेलाएको थिएन, बीचका तीन दिनमा ठूला दुर्घटनाहरू घटे, सवारी दुर्घटनामा सप्तरीमा दुई जनाले पानी पिउन पनि भ्याएनन् भने मुगुको कहालीलाग्दो बस दुर्घटनामा एकैपटक ३२ जना सोत्तर भएका थिए, गत दसैँको मुखैमा ।

एक त बोका, खसी विदेशबाटै आउँछन्, प्रयोगको झन्डै ७० प्रतिशत, भन्न त ३० प्रतिशत भनिन्छ, सरकारी बोलीमा । तर जीउमा लाउने जनै, तिहारको भाइमसला, पटाका, फूलहरू, तीजको कपडा र श्रृंगार, माघे संक्रान्तिको तरुल सबै विदेशबाटै आउने हो भनौँ नाना, खाना र छाना सबैथरी । २० खर्ब बढीको ऋणभार छ देशलाई, महँगो संघीयता ल्याए नेताहरूले आफ्नो स्वार्थहेतु, जनता निराश छन् र बिदेसिएका छन् । अबको २० वर्षमा देश वृद्धहरूको मात्र हुनेछ, युवाहरू कोही हुनेछैनन्, राजनीतिले जोसिला युवाहरूलाई विदेश पठाउन बाध्य गराएको छ, जो यहाँ बसेका छन्, दलको फेरो समातेर बसेका छन्, परिवर्तन त चाहेका छन् जनताले तर बालेनहरूलाई पनि सकस छ, न्यायालयकै पखेटा झिकिएको परेवाजस्तो हुने देश र विदेशबाटै आएकाले खाद्यान्न मात्रै होइन, सबै वस्तुहरू छोइसक्नु भएन, हुनेखानेलाई दसैँ मीठो हुन्छ होला, तर पनि हुँदा खानेलाई दसैँ बेस्वाद मात्रै हुन्नँ, रिँगटा नै लाग्ने भएको छ । श्रीहरूका शुभकामनाले भरिँदैन पेट, बेरोजगार छन् मानिस । विगतमा जमरा राखे कसैले लाउन भ्याएनन्, लाए कसैले सेलाउन भ्याएनन्, सिंगै खसी काटेर जिब्रो रसाउने इच्छा पूरा भएन, खसी मार हाने, जुठो पर्‍यो, कालले यति धेरैलाई उडायो, मान्छे यति धेरै मरे कि भ्याइनभ्याइ नै भयो सागर जान । आफन्तको बिदाइको छटपटी हुँदा मरेका खसीबोका कसैले फ्रिजतिर राखे, कसैले फाले, फाल्न पनि सजिलो थिएन, खसीबोकाको मूल्य सम्झँदा सागर गएजत्तिकै आँसु झर्ने थियो । दैव लीला कालले न दसैँ भन्दो रहेछ, न तिहार । इष्टमित्र, आफन्त जम्मा नभई महान् चाड पूरा नहुने, तिनमा जुठो, सूतक परिदिँदा बेस्वादको भइदिने चाड, साँच्चै अघिपछिको भन्दा पोहोरको दसैँ विछट्टै नरमाइलो भयो । नरमाइलो हुनुमा धेरै कारण थिए, कोरोना त छँदै थियो, यो प्राकृतिक थियो, तर अप्राकृतिक, मानव निर्मित घटना र दुर्घटनाले दसैँलाई बढी गिजल्यो । मानौँ मानवको कुनै मूल्य नै रहेनछ, बोकाखसीको मूल्य महँगो भन्यौँ हामीले, तर तीभन्दा सस्ता देखिए मान्छेहरू, झन्डै सँगसँगै पोखरामा जिप दुर्घटना हुँदा आठ जना ठहरै भएका थिए पोहोर साल । दसैँले चरम उत्कर्ष लिँदै थियो, महानवमीकै दिन बुटवल तम्घास गुल्मी सडकमा जीप दुर्घटनामा ३ जनाले, विजयया दशमीको टीका प्रसादको अवसर के हुँदै थियो ताप्लेजुङमा जिप दुर्घटना, एकादशी के चल्दै थियो काभ्रेमा माइक्रो बस दुर्घटनामा १८ जना घाइते, सुर्खेतमा अर्को बस दुर्घटना एक जना स्वाहा भए । एकादशीमा बारामा ट्रक दुर्घटना २ जना बिते, तेस्रो, चौथो र पूर्णिमा भनौँ दुर्घटना र मृत्यु नभएका दिन नै भएनन्, टीकापछि आएको वर्षाले पश्चिमक्षेत्रको बालीलाई त सर्लक्कै हवाईजहाज हुइँकिइरहन्छन् । एकाधबाहेक सिस्टमले काम गर्छ विरलै दुर्घटनाहरू । विकसित देशका सहरहरू हेर्दा झन्डै स्वर्गजस्तो लाग्छ, हामीकहाँ मेलम्ची उठाउन ३० वर्ष लाग्यो, सबैजसोलाई, दुहुनो गाई भयो, त्यो पनि उद्घाटनबाटै हरायो, देशमा उद्योगहरू बेचियो । राजनैतिक उद्योग विदेशमा हुर्कियो, परिवर्तनको तानाबाना विदेशमै बुनियो, युवाहरूलाई खाडीमा खेदियो, यहाँ सपनाहरू बाँडियो । देशलाई लुछे सबैले, मातृभूभि तड्पिएको छ अहिले, आयातित सरसामग्री, राजनैतिक विचारधारा, संस्कृति, धर्म सबै आयातित भयो । जन्मदेखि मृत्युसम्मको करले नेपालीहरू थला परेका छन्, ०४६ साल अघिसम्म रु. ५० तिरो तिर्न नपर्ने जग्गामा मनपरी कर असुली हजारौँ होइन्क लाखौँ पुऱ्याइएको छ । विकासका नाममा अनावश्यक र भद्दा संरचनाहरू तयार गरेर दलको भर्तीकेन्द्र बनाइएको छ, झन्डै साँढे ८ हजार महाराजाहरू छन्, तिनको पालन पोषण गर्न सिंगो नेपालीले सकेको छैन । तिनको उपचार विदेशमा गराउनुपर्ने छिमेकमा २३ करोड जनसंख्या भएको एउटा प्रान्तमा एक प्रदेश छ, यहाँ ३ करोड जनतामाथि राज गर्न ७ प्रदेश । सधैंजसो सरकार बनाउने र ढाल्ने काम भइरहन्छ मानौँ देशमा अरू काम केही छैन । देशमा राजाहरू नै आठ, सभामुख आठ, उपसभामुख आठ, मन्त्रीहरू १२ दर्जन, सांसदहरू झन्डै ९ सय, असुलेको कर दलको प्रचार प्रसारमा, आलिसान महल, महँगा गाडी, कार्पेट, शौचालयमा सकिन्छ । आन्दोलनको अभीष्ट एउटा थियो परिणाम अर्कै आएको छ, किन हजारौँले यहाँ रगत बगाए त्यसको जवाफ छैन । नेपालीहरू अहिले सपनाबाट ब्युँझिएजस्तो भएका छन् । चुनाव महँगो भएकाले बजार महँगियो र जनताको ओठमुख सुक्यो, रोजगारी छैन, देशमा उत्पादन छैन, मेरो दल १ नं. को हुन्छ भनियो तर मेरो देश १ नं. को हुन्छ भन्ने आँट कसैले गरेन । भागबन्डा र स्वार्थका कारण देश दलदलमा फसेको छ, दसैँको खसी काटेर बाँडेजस्तो भएको छ देश । कारोवार

# खानेकुरा खाँदा सावधानी अपनाऔं

ढुण्डीराज पौडेल

सबै उमेरका व्यक्तिहरूको खानेनलीमा कुनै वस्तु अड्किएर या सासनलीमा सर्किएर गम्भीर अवस्था भएका या अकाल मृत्युसमेत हुन पुगेका खबरहरू संप्रेषित हुने गरेकै छन । दसैंको अवसरमा खसी, बोका, च्यांग्रा, कुखुरा एवं राँगाभैंसी आदिको मासु बढी खाने गरिन्छ । कतिका लागि त धीत मर्ने गरी मासु खान दसैं कुर्नुपर्ने अवस्था पनि छ ।

सात वर्षअघि आफ्ना पारिवारिक सदस्यहरूको मासुको माग पूरा गर्न नसक्दा चितवनका एक दलितले आत्महत्या गरेको दुःखद समाचार पनि आएको थियो । मासु सबै प्रकारको एमिनोएसिडले भरिपूर्ण प्रोटिनको स्रोत भए पनि रातो मासु रगतमा कोलेस्ट्रोल र अल्पघनत्व भएको लिपिडको मात्रा बढी भएका व्यक्तिहरूका निम्ति हानिकारक हुन सक्छ, मस्तिष्क र मुटुको रक्त प्रवाहमा नकारात्मक असर पर्न सक्छ । चाडपर्वमा एकातिर व्यायाम कम हुने अनि अर्कातिर क्यालोरी र कोलेस्ट्रोल बढी हुने वस्तुको सेवन बढी हुन जाँदा शरीरलाई बेफाइदा हुन्छ ।

दसैंमा हतारमा मासु खाँदा घाँटीमा हयी अड्काएर अस्पताल आउनेहरूको संख्या पनि बढ्छ । केही वर्षअघिको दसैंमा एक पुराना गायकका छोराको घाँटीमा अड्किएको हयीले खानेनली नै छेडेर अवस्था गम्भीर बनाएको समाचार पढिएको थियो । पंक्तिकार कार्यरत मोफसलको एक मेडिकल कलेजमा गत वर्ष दाँत पूरै झरिसकेका ९७ वर्षीय एक वृद्धको समेत घाँटीमा अड्किएको

हयी निकाल्नुपरेको थियो । अड्किने या सर्किने मुख्य कारण नै हतारमा, राम्रोसँग नचबाई निल्नु हो । मुखको पछाडिको भाग ( ओरोफ्यारिङ्स) पछि स्वर वा सास र खानेपिउने नलीहरू छुट्टिन्छन । त्यसैले बोल्दा र खानेकुरा निल्दा सावधानी अपनाउनुपर्ने हुन्छ ।

दाँतहरू राम्रोसँग विकसित भइनसकेका बालबालिका या उमेरका कारण बंगाराहरू झरेर दन्तविहीन भएका वृद्धवृद्धालाई चपाउन गाह्रो हुन्छ । नचपाईकन निल्नु घातक हुन सक्छ । माथि उल्लेख गरिएजस्तो दाँत नभएकाहरू मात्रै होइन, दाँत भएकाहरूले पनि हयी सहितको मासुको झोल होसियारी नपुर्‍याई पिउँदा पनि सानातिना तिखा हयीहरू घाँटीमा अड्किन सक्छन । आमाहरूले शिशुहरूलाई सुताएरै स्तनपान गराउँदा या दूध आदि पिलाउँदा त्यो कानतिर जान या सर्किन पनि सक्छ । झोल या ठोस पदार्थ निल्ने बेला स्वरयन्त्र सहितको सासनली माथि उठ्ने र थुनिने गर्छ । चार वर्षमुनिका बच्चाहरूमा त निल्ने प्रक्रिया पूर्ण विकसित नभएका कारण स्वरयन्त्र सहितको सासनली कम सुरक्षित या कम संरक्षित हुने गरेकाले सर्किने सम्भावना बढी हुने तथ्य अनुसन्धानबाट सिद्ध भइसकेको छ ।

बालबालिकामा विभिन्न प्रकारका अनाज, गेडागुडीका दाना, फुकेर बजाउने सिटीको भाग आदि सासनलीतिर सर्किन जाँदा तत्कालै मृत्यु या गम्भीर प्रकारको न्युमोनिया हुन सक्छ । त्यसैले अभिभावकहरूले ध्यान दिनुपर्ने हुन्छ( यदि बच्चाले कुनै वस्तु मुखमा राखेरपछि तत्काल सास फेर्न गाह्रो भयो, नीलो हुन गयो अथवा तत्काल ठीक भए पनि पछि खोकी लाग्ने या श्वास(प्रश्वासमा अप्ठ्यारो हुन गए सासनलीमा कुनै वस्तु अड्किएको शंकामा जँचाउने, एक्सरे या आवश्यक परे सिटी स्क्यान गर्नुपर्ने हुन्छ ।

पंक्तिकार कार्यरत मेडिकल कलेजको नाक, कान, घाँटी विभागमा बर्सेनि एक दर्जनजति बालबालिका सासनलीमा समेत विभिन्न वस्तु सर्किनाले ल्याइन्छन् जसका लागि ब्रोन्कोस्कोपीको जरुरत पर्छ । एक बालकको सासनलीको माथिल्लो भागमा सर्किएर अड्किएको हयीको टुक्रासमेत निकाल्नुपरेको थियो । मोफसलका केही नगण्य अस्पतालमा मात्रै यसका लागि आवश्यक पर्ने रिजिट ब्रोन्कोस्कोपीको सेवा उपलब्ध छ ।

सासनलीमा लामो समय केही अड्किए खोकी लाग्ने र सास प्रक्रियामा अवरोध भई न्युमोनियाको समेत सम्भावना हुन्छ । बालबालिकाबाहेक वयस्कको पनि असावधानीका कारण खानेनलीमा केही अड्किने मात्रै होइन, नचपाईकन हतारमा, कुरा गर्दै, खोक्दै, मदिरा आदिको असरमा जथाभावी निल्दा मासु जस्ता ठोस वस्तु अड्किने मात्र नभई पेय पदार्थसमेत सर्किन गई मृत्यु पनि हुन सक्छ । गत वर्ष भारतको नयाँदिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थाननजिकै एक वयस्क तातो ममको डल्लो हतारमा निल्न खोज्दा सर्केर ठहरै भएको समाचारले अन्तर्राष्ट्रिय रूपमै प्रमुखता पाएको थियो ।

निल्ने प्रक्रियामा धेरै मांसपेशी एवं स्नायु पद्धति र तन्तुहरूको संलग्नता रहने भएकाले सुस्त मनस्थिति वा कमजोर चेतना भएका दीर्घरोगीहरू एवं वृद्धवृद्धालाई निल्न सकिने वस्तुहरू राम्रोसँग केलाएर दिनुपर्ने हुन्छ । कोही कुनै कारण अचानक बेहोस भए पानी दिने चलन छ । तर, सर्किएर सासनली एवं फोक्सोमा जान सक्ने भएकाले बेहोस हुँदा मुखमा पानी हालिदिनु घातक हुन सक्छ ।

सर्किनुका कारण

प्रकृतिले मानिसलाई अन्य जनावरमा जस्तो एकोहोरो आवाज मात्रै निकाल्न होइन, बोलीसमेत प्रकट गर्ने क्षमता दिएको छ । तर बोली निकाल्ने, निल्ने र सास फेर्ने तीनवटै काम सँगसँगै गर्न सक्ने सुविधा चाहिँ प्रकृतिले मानिसलाई दिएको छैन । हेक्का राख्नुपर्ने कुरा के हो भने, घाँटीको स्वरयन्त्रसँगै वायु नली (ल्यारिङ्स, ट्राकिया) र झोल एवं ठोस पदार्थ पार हुने खानेनली (हाइपोफ्यारिङ्स, इसोफेगस) पृथक्पृथक् हुन्छ । त्यसैले निल्ने, बोल्ने र सास लिने काम सँगसँगै गर्न सकिन्न ।

हावा बाहेकको कुनै पनि वस्तु त्यो ठोस होस् या झोल, मुखबाट ओरोफ्यारिङ्स, हाइपोफ्यारिङ्स, इसोफेगस (खानेनली) हुँदै पेटमा पुग्नुपर्छ । पेटमा पुगेको वस्तु खानेनली हुँदै घाँटीबाट बाहिर निस्कन नदिन एक प्रकारको मांसपेशीय पद्धतिले काम गरेको हुन्छ ।

वायुको प्रवाह हुने ल्यारिङ, ट्राकिया फोक्सोमा कुनै पनि प्रकारको झोल या ठोस पदार्थ पुग्न गए त्यो घातक हुन सक्छ । यसरी ठोस पदार्थ खाँदा होस् या झोल पदार्थ निल्दा, अन्य अन्तर्निहित स्वास्थ्य समस्याबाहेक पनि यदि होसियारी पुर्‍याइएको छैन भने त्यसले फोक्सोमा गम्भीर प्रकारको न्युमोनियादेखि अकाल मृत्युसमेत निम्त्याउन सक्छ ।

सर्किन र अड्किनबाट कसरी जोगिने ?


कुनै पनि ठोस पदार्थ खाना नलीबाट सहजै पेटमा पुगोस् भनेर मुखमा राखेर चपाएर नहडबडाईकन बसेर निल्नुपर्ने हुन्छ । मुखमा पैदा हुने र्‍यालमा महत्त्वपूर्ण इन्जाइमहरू हुन्छन्, जसले चबाइएको वस्तुलाई झन् नरम बनाइदिन्छन ।

झोल पदार्थ निल्दा त सावधानी र होसियारी पुर्‍याउनुपर्छ भने कुनै पनि ठोस वस्तु खाँदा सचेतता झनै आवश्यक पर्छ । निलेर घाँटी ( फ्यारिङ्स) मा पठाउनुअघि मुखले ठम्याएर ठोस वस्तुलाई राम्ररी चबाएर र बसेर निल्दा अड्किने वा सर्किने सम्भावना कम हुन्छ । चबाएर निल्नुलाई एउटा यौगिक क्रिया मान्न सकिन्छ, जसका लागि मांसपेशी, स्नायु तन्तु, मस्तिष्क या चेतना एवं दाँत, हयीसहित बंगाराहरूमा समन्वयको जरुरत पर्छ । केही निल्ने बेला अर्थात् ओठ, जिब्रो, दाँत, तालु सबैको संयुक्त कार्यसम्पादनबाट चबाएर तयार गरिएको बोलस (योग्य बनाइएको भोजनको डल्लो) लाई घाँटी हुँदै खानेनलीसम्म पुर्‍याउने प्रक्रियामा ३० वटा मांसपेशीले समन्वयात्मक भूमिका खेलेका हुन्छन । मस्तिष्क र मस्तिष्कसँग सम्बन्धित स्नायु नसाहरू (क्रानियल नर्भ) सक्रिय हुन्छन । खानेनलीबाट वस्तु पार हुने बेला रुद्रघण्टी अर्थात् ल्यारिङ पनि उचालिने गर्छ । निल्ने बेला खानेनलीको वस्तु नछिरोस् भनेर सासनली पनि केही सेकेन्ड बन्द हुन्छ । सहज रूपमा भन्नुपर्दा, सास तान्दा न हामी निल्न सक्छौं, न आवाज नै निकाल्न । फोक्सोमा भरिएको हावा जोडले स्वरयन्त्रको भोकल कर्डमा ठक्कर दिएर पैदा हुने तरंगले आवाज निस्कन्छ जुन मुखबाट बोलीका रूपमा बाहिरिन्छ ।

खानेवस्तु घाँटीमा नसर्कियोस् भनेर जिब्रो र दाँतको सहायताले एउटा डल्लोका रूपमा समेट्ने र त्यसलाई महत्त्वपूर्ण रसादि या इन्जाइमको सहायताले पेटमा पचन योग्य बनाइनुपर्छ । सर्किएर सासनली नै अवरुद्ध हुन गए पछाडिबाट छातीलाई दबाब पुग्ने गरी थिच्न सकिन्छ । तर अड्किँदा या सर्किंदा पानी दिनु हुन्न । अझ हयी अड्किँदा फूल खान दिने प्रचलन छ जुन झनै हानिकारक हुन्छ ।

निल्दा होसियारी पुर्‍याऔं

खाना खानेबित्तिकै पानी पिउन आवश्यक पर्दैन । खानासँगै धेरै पानी पिउँदा पाचन प्रणालीमा नकारात्मक असर पर्न सक्छ । तर केही सीमित बाहेकका औषधिहरू खाँदा भने पानी पिउन आवश्यक हुन्छ । डक्सिसाइक्लिन एन्टिबायोटिक, पिसाबलाई क्षारीकरण गर्ने र पातलो गर्ने पोटासियम आदि औषधिहरू त बसेर एक गिलास पानीसँग सर्लक्क निल्नुपर्छ । सुतेर, बोल्दै खानु हुन्न । झोल, ठोस खाद्य पदार्थसहित औषधिहरू सीधा बसेर होसियारीपूर्वक निल्नुपर्छ । कान्तिपुर




# रामेछाप डायरी

## सभापति पूर्ण बहादुर तामाङको टिकट पक्का

रामेछाप । नेपाली काँग्रेस रामेछापका सभापति एवं आसन्न निर्वाचनको प्रतिनिधि सभा सदस्य उम्मेदवारका प्रमुख दाबेदार पूर्वबहादुर तामाङ 'कान्छाराम' ले आफ्नो नाममा टिकट पाउने पक्का पक्की नै भएको छ । यस विषयमा भने सभापति तामाङले हल्ला मात्रै भएको बताएका छन् ।

शुक्रवार सङ्घमा पार्टी सभापति तामाङ्ले गठबन्धनको साझा उम्मेदवारको तर्फबाट संघको टिकट पाएको भन्दै कांग्रेसकै जिम्मेवार तहका नेताहरूले सामाजिक संजालमा बधाई दिँदै प्रचार गरी रहेका छन् ।

सभापति तामाङलाई 'टिकट पाउनु भयो भन्ने चर्चा छ, भनेर टेलिफोन संवाद कुराकानी गर्दा उनले 'हैन हैन यो बिलकुल गलत कुरा हो । हल्लाको पछि नलाग्न म सबैमा आग्रह गर्दछु भने ।'

यद्द्यपी सभापति तामाङले कांग्रेसको भागमा संघको टिकट पर्‍यो अरे, भन्ने सुन्नमा आएको छ । आधिकारिक प्रमाण केही छैन् भने । गलत हल्ला नफिँजाउन समेत उनले कार्यकर्तालाई आग्रह गरे ।

गठबन्धनको तर्फबाट संघ नेपाली काँग्रेस लिएर प्रदेश गठबन्धनका अन्य दललाई छाड्ने सहमती चलेको नेताहरु बत्ताउँछन् । यसमा पनि टुङ्गो लागी नसकेको नेताहरूको भनाई छ । नेकपा माओवादी केन्द्रले पनि संघको दाबी नछोडेको माओवादीका नेता युवराज चौलागाई बत्ताउँछन् ।

## घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण

रामेछापको रामेछाप नगरपालिका ५ रामपुरले सामाजिक सुरक्षा भत्ता घर मा नै पुगेर वितरण गरेको छ । बैंकमा पुगेर रकम झिक्न अतिअशक्त, ज्येष्ठ नागरिक, शारीरिक अपाङ्गता, अस्वस्थ भएकालाई असहज भएपछि वडामा र हेको सहकारीसँगको सहकार्यमा घरमै सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो । रामपुरमा रहेको रामपुर बचत तथा ऋण सहकारीसँग सहकार्य गरेर यहि असोज १२ गतेदेखी नागरीकको घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण भैरहको वडाअध्यक्ष हरिशचन्द्र श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो,उहाँहरु बैंकमा आएर भत्ता लैजान सक्ने अवस्थामा हुनुहुँदैन, त्यसैले हामीले घरमै गएर भत्ता वितरण गर्न थालेका हौं । यसले उहाँहरुलाई सहज भएको छ । वडाका जेष्ठ नागरिक,अपाङगता भएकाहरु निकै कष्टका साथ बैंकमा गएर लाईनमा बसेर भत्ता लिनुपर्ने बाध्यतामा रहेका थिए । अब र ामपुरका नागरीकहरुले घरमै भत्ता पाउने छन । नागरीहरुसँग चुनावमा गरेको बाचा अनुसार आफुले काम गरेको वडाअध्यक्ष श्रेष्ठले बताउनुभयो ।

## प्रधान सम्पादक मोहन कार्कीद्वारा राजीनामा

काठमाडौं । यस जनआकाश साप्ताहिक पत्रिकामा कार्यरत प्रधान सम्पादक मोहन कार्कीले राजीनामा दिनु भएको छ । लामो समयदेखि जनआकाश साप्ताहिकमा कार्यरत कार्कीले असोज १७ गते राजीनामा दिनु भएको हो । रामेछापको गोकुलगंगा गाउँपालिकाका कार्की दुई दशकदेखि पत्रकारितामा सक्रिय रहेका छन् ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

मृगेन्द्र मेहेर श्रेष्ठ
अध्यक्ष
नेपाल औषधी ब्यवासयी संघ परिवार

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

नानीराज घिमिरे
अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएसन अफ नेपाल

## सानिमा बैंकको नयाँ शाखा अब ठिमी र कपनमा

काठमाडौं । सानिमा बैंक लिमिटेडले आश्विन १४ गते ठिमी र कपनमा बैंक शाखा स्थापना गरी बैंकिङ्ग सेवाविस्तार गरेको छ। उक्तशाखाहरुको समुद्घाटनब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) तथा बैंकका संचालक भरत कुमार पोखेलले संयुक्त रुपमा गरेका



थिए । समुद्घाटन् समारोहमा मह जोडीले ठिमी र कपनमा सानिमा बैंकको शाखा संचालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमानिरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । त्यसैगरी सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेद्वारा बैंकका ग्राहक तथा सरोकारवालाहरुलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गर्दै गुणस्तरीय सेवा प्रदान गर्न बैंक प्रतिबद्ध रहेको बताए । सानिमा बैंकको देशका सातै प्रदेशमा १२९ शाखा कार्यालय र १२० वटा एटिएम संजालहरु संचालनमा रहेका बैंकले जनाएको छ ।

## मैतिदेवी मन्दिरलाई कामना सेवा विकास बैंकको सहयोग

कामना सेवा विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मैतिदेवी मन्दिरलाई सरसफाई सम्बन्धी विभिन्न सामग्री हस्तान्तरण गरेको छ ।

उक्त सामग्रीहरु मन्दिरको फोहोर व्यवस्थापन तथा मन्दिर क्षेत्रको वातवरण




सफा र स्वच्छ रहोस् भन्ने पवित्र उद्देश्यका साथ प्रदान गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले काठमाडौं महानगरपालिका-३० का वडाअध्यक्ष तथा मैतिदेवी मन्दिर क्षेत्र प्रबन्ध समितिका सदस्य दलबहादुर कार्कीलाई उक्त सरसफाई सामग्री हस्तान्तरण गरेका छन् । बैंकले मन्दिर दर्शन गर्न आउने भक्तजनले डिजिटल माध्यममार्फत सहज तरिकाले मन्दिरलाई दान प्रदान गर्न सकुन भन्ने उद्देश्यका साथ मन्दिर परिसरमा डिजिटल दान पेटीकासमेत राखेको छ ।

## माछापुच्छ्रे बैंकको बन्दिपुर एक्सटेन्सन काउन्टर शाखा सिरहामा सञ्चालन

काठमाडौं । माछापुच्छ्रे बैंकले मधेश प्रदेशको सिरहास्थित कर्जन्हा नगरपालिका वडा नम्बर ३ बन्दिपुरमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ ।

बैंकले शुक्रवार औपचारिक कार्यक्रमको आयोजना गरि उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन गरेको हो । उक्त एक्सटेन्सन काउन्टरको कर्जन्हा



नगरपालिकाका मेयर भोला प्रसाद पोखरेल एवम् माछापुच्छ्रे बैंक लिमिटेडका अध्यक्ष डाक्टर विरेन्द्र प्रसाद महतोले संयुक्त रुपमा समुद्घाटन गर्नुभएका थिए ।

उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाको पनि उपस्थिती रहेको थियो । बन्दिपुर सिरहा एक्सटेन्सन काउन्टरसँगै बैंकको हाल १० वटा एक्सटेन्सन काउन्टर सञ्चालनमा रहेका छन् । माछापुच्छ्रे बैंकले देशका हरेक बर्ग र समुदायसम्म बैंकिङ्ग सेवाको पहुँचका लागि नयाँ नयाँ स्थानहरुमा आफ्नो सेवा विस्तार गर्दै आएको छ र नयाँ एक्सटेन्सन काउन्टरमार्फत ग्राहकको खाता खोल्ने, निक्षेप संकल्न तथा भुक्तानी, विप्रेषणलगायतका अन्य बैंकिङ्ग सुविधाहरु प्रदान हुने छन् ।

## सिभिल बैंकको १०२औं एटीएम चितवनको सौराहामा

'समृद्धिका लागि सिभिल बैंक' भन्ने नाराका साथ अगाडि बढिरहेको सिभिल बैंकले चितवनको सौराहा चोकमा आफ्नो १०२औं एटिएम सञ्चालनमा ल्याएको छ। उक्त एटीएमको उद्घाटन रत्ननगर नगरपालिका वडा नं ६का अध्यक्ष किरण




महतो र होटेल व्यसायी संघ सौराहाका अध्यक्ष दीपकप्रसाद भट्टराईले संयुक्त रूपमा गरे । उक्त एटीएमको उद्घाटन समारोहमा प्रमुख अतिथि रत्ननगर नगर पालिकाका वडा नं ६ का अध्यक्ष किरण महतो र होटेल व्यसायी संघ सौराहाका अध्यक्ष दीपकप्रसाद भट्टराईलगायत सो क्षेत्रका उद्योगी, व्यवसायी, गन्यमान्य ब्यक्तिहरू तथा सर्वसाधरणको उपस्थिति रहेको थियो । अब त्यस क्षेत्रका सेवाग्राहीले बैंकको उक्त एटीएममार्फत आफूलाई आवश्यक पैसा सहज तरिकाले झिक्न सक्नेछन् । करिव आठ लाख ग्राहकहरूलाई ११५ शाखा र १३ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गरिरहेको सिभिल बैंकको हालसम्म यस एटीएमसहित देशका विभिन्न १०२ ठाउँमा एटीएम स्थापना गरी सञ्चालन ल्याएको छ। साथै बैंकले गत असार मसान्तसम्म रु. ९६ अर्बभन्दा बढी निक्षेप परिचालन गरी रु. ८७ अर्बभन्दा बढी कर्जा लगानी गरिसकेको छ ।

# अर्थ संसार

## कुमारी बैंकको १२.५० प्रतिशत नगद लाभांश घोषणा

कुमारी बैंक लिमिटेड (प्धी) ले आर्थिक बर्ष २०७८/७९ को लागि १२.५० प्रतिशत नगद लाभांश दिने निर्णय गरेको छ। बैंकको संचालक समितिको आज असोज १४ गते शुक्रबार बिहान १०:०० बजे बसेको

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

बैठकले उक्त निर्णय गरेको हो । कुमारी बैंकले आर्थिक बर्ष २०७८/७९ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु १४ अर्ब ७१ करोड ११ लाख ८३ हजार ३२६ को १२.५०% नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव अघि सारेको हो ।

प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति पश्च्यात आगामी साधारण सभाले अनिमोदन गरेपछि वितरण गरिनेछ ।

कुमारी बैंकको हाल नेपाल क्रेडिट एण्ड कमर्स (एनसिसी) बैंक सँग मर्जरमा जाने प्रकृया अगाडि बढेसँगै शेयर कारोबार बन्द गरिएको छ ।

त्यस्तै कुमारी बैंकले परिवार सुरक्षा बचत खाता अन्तर्गत कुश्मा शाखामा बचत खाता खोलेका ७ जना ग्राहकलाई खातामा उपलब्ध बिमा सुविधा वापतको रकम भुक्तानी गरेको छ ।

उक्त शाखामा परिवार सुरक्षा बचत खाता खोलेका गोकर्णबहादुर श्रेष्ठ, शान्ति नेपाली, अमृता कुमारी कंडेल, रामचन्द्र श्रेष्ठ, शक्ति श्रेष्ठ, नरेन्द्र भुवाजी र कविता श्रेष्ठलाई क्रमशः ३३ हजार २५०, ३८ हजार ०००, ३८ हजार, ३८ हजार, १७ हजार १००, २८ हजार ०७७.२५, र ३८ हजारबर ाबरको चेक बैंकका शाखा प्रबन्धक श्री दीपकराज पौडेलले एक कार्यक्रमका बीच हस्तान्तरण गरे ।

बैंकले सो बिमा रकम नेको इन्स्योरेन्ससँगको सहकार्यमा भुक्तानी गरेको हो । यस बैंकको उक्त बचत खातामा बिमा सुरक्षण योजना अन्तर्गत २६ लाख रुपैयाँसम्मको सुविधा प्राप्त हुने बैंकले जानकारी गराएको छ । साथै यस बचत योजना अनुसार खातावालालाई निशुल्क डेबिट कार्ड, मोबाइल बैंकिङ, र इन्टरनेट बैंकिङ सेवा उपलब्ध छ ।

कुमारी बैंकले आफ्ना देशव्यापी १९९ शाखा सञ्जाल, १९५ एटीएम, ५४ शाखारहित बैंकिङ इकाई तथा ३४ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ सुविधाहरु दिँदै आएको र आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको छ ।

हार्दिक शुभकामना
नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना
राष्ट्रिय सहकारी बैंक लि.
कुपन्डोल, ललितपुर

हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
कुश कुमार मल्ली
अध्यक्ष
नेपाल एल.पी.ग्यास उद्योग संघ परिवार

हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
ट्रक व्यवसायी महासंघ

हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
प्रज्वलजंग पाण्डे
अध्यक्ष
नेपाल औषधी उत्पादक संघ

हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
हरि बहादुर गौतम
अध्यक्ष
नेपाल ब्यापार संघ

हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



रत्न प्रसाद गौतम
अध्यक्ष
खानी निर्माण सेवा प्रा.लि.

# आलोचनाको अचानोमा कर्मचारीतन्त्र

श्यामप्रसाद मैनाली

**समानान्तर अर्थ मन्त्रालय अन्यत्र कतै कायम गरी ब्यापारी, उद्योगपति र तस्करहरूको सल्लाहमा वार्षिक बजेट तयार पार्दा त्यसको जवाफदेहिता र जिम्मेवारी लिन कठिन हुने देखी तत्कालीन अर्थ सचिवले राजीनामा दिनुपर्ने स्थिति बन्यो । यो परिस्थितिलाई खुलेर साथ दिँदै समानान्तर अर्थ मन्त्रालयमा अर्थमन्त्रीसँग काम गर्ने एक उच्च पदस्थ कर्मचारी सञ्चार माध्यममा अझै असल कर्मचारीका रूपमा छाएकै छन् । पुरस्कृत गर्ने र जिम्मेवारी दिने क्रममा नातावाद र कृपावाद संस्थागत भएकै छ । जनताले अयोग्य सोची धुलो चटाइ दिएका मन्त्री तथा प्रधानमन्त्री बनेका छन् । निर्वाचनमा हारेका विभिन्न राजनीतिक दलका अध्यक्ष आफ्ना श्रीमतीलाई निर्लज्ज भई सभासद मनोनयन गर्छन् । शहीदका लागि प्राप्त कोटामा आफ्नो छोरालाई विदेशमा पढ्न पठाउने, क्षमताविहीन आ□नी छोरीलाई विदेशीसँग लम्पसार परी डाक्टर पढ्न पठाउन गिडगिडाउनेहरू नै देशको उच्चतम राजनीतिक नेतृत्वमा पुगेका छन् । राजनीतिमा सुधार नआएसम्म देशमा पद्धतिको विकास र सुधार कसरी सम्भव हुन्छ ? यस्तो राजनीतिले बनाएको विकृत र प्रदूषित समाजका सदस्य नै देशको विभिन्न क्षेत्रमा रहने हुन् । यस अवस्थामा देशमा कर्मचारीतन्त्र मात्रको आलोचना हुनु र चुस्त सेवा प्रवाहको अपेक्षा गरिनु कहाँसम्म सान्दर्भिक हुने हो ? गम्भीरतापूर्वक चिन्तन गरिनु जरुरी छ ।**

देशमा साँच्चै विकृति बढेको छ । सबैतिर केवल केही टाठाबाठाको मात्रै रजगज छ । सर्वसाधारण जनता सुकिला(मुकिलाको सुशासनको प्रतिबद्धता सुन्दै गर्दा थकित भइसकेका छन् । तर, सानो सेवा प्राप्त गर्नसमेत ठूलो सास्ती खेप्न विवश भएका छन् । दुर्गममा नजाने, सहरमा राम्री सेवाप्रवाह नगर्ने, बिरामीको हदैसम्मको शोषण गरी थप बिरामी बनाउने डाक्टर, जस्तोसुकै अपराध गरे पनि शक्तिकेन्द्रसँग नजिक रहेकालाई संरक्षण दिने प्रहरी, मनपरी भाडा असुल गरी सिन्डिकेट प्रणालीलाई सुदृढ गरी जनतालाई ठगी गर्ने यातायात व्यवसायीसँग मिलीभगत गरी यस्ता कुकृत्य निरन्तरता दिन सहयोग गर्ने अख्तियारवाला, भन्सारमा दस्तुर कम गरी व्यापारीसँग मिलीभगत गर्नेहरू, आम्दानी कम देखाइ आयकर छल्न व्यापारीलाई सिकाउने, अनुभवविहीन राजनीतिज्ञलाई भ्रष्टाचार र अख्तियारको दुरुपयोग गर्न अभ्यस्त बनाउनेहरू, प्रत्येक आर्थिक वर्षको अन्त्यमा वर्षायाम प्रारम्भ भएपछि अत्यन्त न्यून गुणस्तरको सडक निर्माण गर्नेहरू, ससाना जग्गाको रजिस्ट्रेसन पास, नामसारी, नागरिकता प्रमाणपत्रलगायतका लागि आवेदन दिनेहरू र अन्यायमा परी न्यायको खोजी गर्दै सदरमुकाम आइपुग्ने सर्वसाधारणलाई दलाल लगाइ दिने, यी सबै क्रियाकलापबाट जनतालाई दुःख दिई स्थानीय तथा राष्ट्रियस्तरमा तथाकथित टाठाबाठा एवं समाजसेवीलाई मनग्य फाइदा दिलाइ आफूसमेत त्यसैबाट आर्थिक तरक्की गर्न उद्यत रहनेहरू, सबै विभिन्न आवरणमा राष्ट्रसेवक कर्मचारी कहलिएका छन् ।

यिनीहरूको जीवनशैली, कार्यप्रक्रिया र संस्कार नै टाठाबाठालाई रिजाइ दिनदुःखी जनतालाई थप अन्यायमा पार्नुरहेको छ, जसलाई हामी कर्मचारी भनेर चिन्छौं । त्यसैले यी राष्ट्रसेवक सर्वसाधारण गरिबहरूको झुप्रादेखि ठूलाठूला जिम्मेवारीमा रहेका राजनीतिज्ञ, व्यापारीदेखि उद्योगपति, सरकारबाहेक अन्य क्षेत्रमा काम गर्नेदेखि समाजसेवा र नागरिक समाजको आवरणमा क्रियाशील, सबैको आलोचनाको पात्र भइरहेका छन् । विभिन्न सञ्चारमाध्यममा कर्मचारीको कार्यशैली'दयगत खुला आलोचना भएको पाइन्छ । राजनीतिज्ञले आफ्नो असक्षमताका लागि कर्मचारी संयन्त्रमाथि नै दोषारोपण गर्दै आएका छन् । यसले गर्दा सीमित संख्यामा रहेका स्वाभिमानी राष्ट्रसेवक विस्तारै पाखा लाग्दै पेसा परिवर्तन गर्दै निजामती सेवाबाट पलायन हुँदै गएका छन् । परिणामस्वरूप निजामती सेवाभित्र असल कर्मचारीको खोजी गर्दा अपवादको रूपमा मात्रै फेला पर्छ । यो अवस्था सिर्जना हुनुमा कारक तत्वहरूको अन्वेषण गरी उपचार खोज्ने विषयमा राज्य लामो समयदेखि मौन रहेको अवस्था छ । यसको पूर्वाग्रहरहित भई विश्लेषण गर्न जरुरी देखिएको छ ।

आखिर देशको पढेलेखेको र अरूलाई बाटो देखाउने हैसियतमा रहेको समूह नै कर्मचारी हो । तर, कर्मचारी आफैं दिग्भ्रमित भएका हुन् वा यो संयन्त्रलाई यस्तो दूरवस्थामा पुऱ्याउने संस्कार र पद्धति नै देशले विकास गरिसकेको हो ? अध्ययन जरुरी देखिएको छ । कर्मचारीमा एकथरी १० प्रतिशत काम र ९० प्रतिशत लोकप्रियता हासिल गर्न तल्लीन हुने गर्छन् । यसैका लागि सरकारी स्रोतसाधनको दुरुपयोग समेत गर्छन् । अर्को वर्ग छ, राजनीतिक वर्ग जे गर्दा खुसी हुन्छ, त्यही मात्र गरी व्यक्तिगत फाइदामा तल्लीन हुने । नेपालमा ट्रेड युनियनका नाममा निम्नस्तरका कर्मचारीलाई अनुशासनहीन बनाउने, एउटा मन्त्रालयमा एकभन्दा बढी सचिव राखी प्रशासनिक नेतृत्वलाई अत्यन्त कमजोर बनाउने, सचिवबीच द्वन्द गराई व्यक्तिगत हिसाबमा तरक्की गर्नेहरू नेपालको कर्मचारीतन्त्रमा नेतृत्वदायी भूमिकामा रहेका छन् । उनीहरूका चिप्ला प्रस्तुतिबाट राजनीतिज्ञ बुझी नबुझी प्रभावित बन्न पुग्छन् ।

कर्मचारीको वृत्ति विकास विस्तारै गुणस्तरहीन कर्मचारीले गर्ने दलालीमा निर्भर हुँदै छ । तलबलगायतका सुविधाका विषयमा नेपालको कर्मचारीतन्त्र विश्वमा नै दोस्रो न्यून बेतनभोगीमा पर्न आउँछ । तसर्थ वैकल्पिक व्यवसाय अवलम्बन नगरी कर्मचारी आफ्नो दैनिकी चलाउन सक्दैनन् । यसै कारण कर्मचारी काममा ढिलो पुग्छन्, छिट्टै निस्कन्छन् । आफ्नै व्यक्तिगत समस्याले मानसिक द्वन्दको सामना गरिरहनु परेकाहरूले अरूको पीडामा मलमपट्टि गर्न खासै ध्यान पुऱ्याउन सक्दैनन् । कर्मचारीको अर्को समूह छ, जसले कहिल्यै राजधानी छाड्दैन । शक्तिकेन्द्रसँग नजिक रहेको परिवारबाट आएको हुन्छ । देशविदेशमा भ्रमण गर्ने थुप्रै अवसर प्राप्त गर्छ, हैसियतभन्दा बढी सरकारी सुविधाको उपयोग गर्छ । पुरस्कार, विभूषण, अलंकार यिनीहरूले नै प्राप्त गर्छन् । यो दृश्य हेर्दाहेर्दै अन्य पहुँच नभएकामा निराशा र वितृष्णा पैदा हुन्छ, यस्तै निराशा कर्मचारी मोफसलमा प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्यमा संलग्न भएका हुन्छन् । कुण्ठा पालेका वर्गले जनतालाई सेवा प्रदान गर्नुपरेको र गरिरहेको अवस्था छ ।

विद्वानहरूले राजनीतिलाई अत्यावश्यकीय खराब वस्तुका रूपमा परिभाषित गर्न थालेका छन् । देशमा पद्धतिको विकास गर्नेतर्फ राजनीतिज्ञहरूको ध्यान पटक्कै गएको पाइँदैन । इमानदार, परिश्रमी र सच्चरित्रता कायम गर्न सक्ने योग्यतम कर्मचारीलाई उचित जिम्मेवारी दिनेतर्फ यिनीहरूको ध्यान जाँदैन । नातावाद, कृपावाद र आर्थिक तरक्कीलाई नै सबै प्रकारको काम गर्ने आधार बनाइन्छ । योग्य र स्वाभिमानी व्यक्ति यस्तो गलत र अस्वस्थ प्रतिस्पर्धामा उत्रिन चाहँदैनन् । सबैतर्फ कम्मल ओढेर घिउ खाने, आफू मात्रै सर्वज्ञ हुँ भन्नेहरू नै पुरस्कृत हुन पुग्छन् । देशको राजनीतिले कर्मचारीलाई सत्कार्यमा लाग्न प्रोत्साहन गर्नुपर्नेमा प्रशासनको नेतृत्व गर्नेलाई नै देशका प्रधानमन्त्री भ्रष्टाचार गर्न दबाब दिन्छन् । टेडू युनियनका नाममा 'मसल' प्रदर्शन गरी सचिवलाई धम्क्याउने जिम्मेवारी मन्त्रिपरिषद्ले औपचारिक रूपमा नै निम्नस्तरको कर्मचारीलाई प्रदान गर्ने निर्णय गर्छ । राजनीतिज्ञहरू सचिवलाई आफ्नो निजी सचिवका रूपमा परिणत गर्न चाहन्छन् । सचिवहरू कानुनले दिएको अधिकार प्रयोग गर्ने हैसियत राख्दैनन् । सरकारले गरेका गलत निर्णयमा सुधार गर्न असल मनसायले सरकारलाई सुझाव दिनेलाई कारबाही गर्नसमेत सरकार चुक्दैन । देशले चामत्कारिक नेता त पाएन नै ! क्षमतावान राजनेता र नेतृत्व प्रदान गर्न सक्ने सक्षम प्रशासन प्राप्त गर्ने संयन्त्र र पद्धति नै निर्माण गरेन । यस्तो अवस्थामा असल प्रशासक व्यक्तिगत हैसियतमा अपवादका रूपमा देखिए भने पनि समग्र कर्मचारीतन्त्र र अस्तव्यस्त पथभ्रष्ट राजनीतिले उनीहरूलाई साथ दिँदैन । यसका थुप्रै उदाहरण नेपालको कर्मचारीतन्त्रमा खोजीपस्दा पाउन सकिन्छ ।

समानान्तर अर्थ मन्त्रालय अन्यत्र कतै कायम गरी व्यापारी, उद्योगपति र तस्करहरूको सल्लाहमा वार्षिक बजेट तयार पार्दा त्यसको जवाफदेहिता र जिम्मेवारी लिन कठिन हुने देखी तत्कालीन अर्थ सचिवले राजीनामा दिनुपर्ने स्थिति बन्यो । यो परिस्थितिलाई खुलेर साथ दिँदै समानान्तर अर्थ मन्त्रालयमा अर्थमन्त्रीसँग काम गर्ने एक उच्च पदस्थ कर्मचारी सञ्चार माध्यममा अझै असल कर्मचारीका रूपमा छाएकै छन् । पुरस्कृत गर्ने र जिम्मेवारी दिने क्रममा नातावाद र कृपावाद संस्थागत भएकै छ । जनताले अयोग्य सोची धुलो चटाइ दिएका मन्त्री तथा प्रधानमन्त्री बनेका छन् ।

निर्वाचनमा हारेका विभिन्न राजनीतिक दलका अध्यक्ष आफ्ना श्रीमतीलाई निर्लज्ज भई सभासद्मा मनोनयन गर्छन् । शहीदका लागि प्राप्त कोटामा आफ्नो छोरालाई विदेशमा पढ्न पठाउने, क्षमताविहीन आफ्नी छोरीलाई विदेशीसँग लम्पसार परी डाक्टर पढ्न पठाउन गिडगिडाउनेहरू नै देशको उच्चतम राजनीतिक नेतृत्वमा पुगेका छन् । राजनीतिमा सुधार नआएसम्म देशमा पद्धतिको विकास र सुधार कसरी सम्भव हुन्छ ? यस्तो राजनीतिले बनाएको विकृत र प्रदूषित समाजका सदस्य नै देशको विभिन्न क्षेत्रमा रहने हुन् । यस अवस्थामा देशमा कर्मचारीतन्त्र मात्रको आलोचना हुनु र चुस्त सेवा प्रवाहको अपेक्षा गरिनु कहाँसम्म सान्दर्भिक हुने हो ? गम्भीरतापूर्वक चिन्तन गरिनु जरुरी छ ।

यति हुँदाहुँदै पनि हाम्रो कर्मचारीतन्त्रले राम्रा काम पनि गरेको छ । हुन त नेपालको कर्मचारीतन्त्रलाई प्रारम्भदेखि नै शासनहरूको औजारका रूपमा मात्रै प्रयोग गर्न थालियो । शासकहरूको मनस्थितिमा सुधार नआएकाले कर्मचारीतन्त्र यस्तै, कार्यशैलीको अनुकरण गर्दै गयो । यति हुँदाहुँदै पनि स्थायी संयन्त्रका हिसाबले जस्तोसुकै अस्तव्यस्तता र राजनीतिक संकटको अवस्थामा समेत देशमा शान्ति सुरक्षा कायम गरी नेपाली जनतालाई राज्यको उपस्थितिको अनुभूति गराउने, शान्तिको समयमा विकास निर्माण कार्यहरू सम्पन्न गर्दै अघि बढेको, राजनीतिक प्रक्रियामा सर्वसाधारण जनतालाई सहभागी बनाउने काममा क्रियाशीलता देखाएको, देशको कुनाकाप्चामा रहेका नेपालीहरूलाई राष्ट्रिय मूलधारमा प्रवाहीकरण गर्न योगदान गरेको, विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन हुँदा जनताको चाहनाअनुसार छिट्टै परिवर्तनकामी शक्तिहरूसँग घुलमिल गरी इमानदारिताका साथ सहयोग गरेको जस्तो इतिहास कर्मचारीतन्त्रले बोकेको छ । शासक वर्गको औजार बन्ने क्रममा हाम्रो कर्मचारीतन्त्रले राणाशासनमा शासकको विशुद्ध व्यक्तिगत अभिष्ट पूरा गर्न लागिपऱ्यो भने ३० वर्षसम्म एकतन्त्रीय तानाशाही पञ्चायती व्यवस्थालाई निरन्तरता दिने कार्यमा यो शक्तिलाई परिचालन गरिरहेको अवस्था थियो । २०४६ सालको आन्दोलनपश्चात् देशमा सुधारको अपेक्षा गरिएकोमा राजनीतिक दलहरूले कर्मचारीलाई आआफ्नो कित्तामा विभाजन गर्न पुगे । यसलाई संस्थागत र सुदृढ बनाउने कार्य दोस्रो जनआन्दोलन पछि भयो । यतिखेर सबै क्षेत्रका अगुवा देशमा सुधार गर्नुभन्दा अस्तव्यस्त सिर्जना गर्नेतर्फ क्रियाशीलता देखाइरहेका छन् ।

यस्तो संगीन अवस्थामा समेत कर्मचारीतन्त्रले आफ्नो धर्म निर्वाह गरिरहेको छ । त्यसैले सबै अस्तव्यस्तताको कारकका रूपमा कर्मचारीलाई लिइँदा यस संयन्त्रप्रति अन्याय हुनेछ र कर्मचारीको कार्यसम्पादनस्तर अत्यन्त उत्तम भएको दलिल पेस गरिरहँदा समेत अत्युक्ति हुनेछ । त्यसैले देशमा अत्यन्त राम्रा शैक्षिक योग्यता भएका, सक्षम, ठूलो प्रतिस्पर्धाबाट छानिएका कर्मचारीलाई उचित मार्गदर्शन गर्ने र प्रभावकारी रूपमा परिचालन गर्ने क्षमता हाम्रो राजनीतिज्ञहरूले शीघ्र देखाउन जरुरी छ, अन्यथा देशको अवस्था अझ विकराल हुनेछ ।

जसबाट सर्वसाधारण जनता नै पीडित र प्रताडित बन्नेछन् । एक वर्गले अर्को वर्गलाई हिलो छ्यापेर समस्याको समाधानमा पुग्न सकिँदैन । देशको शासन सत्तामा रहनेहरू यसमा गम्भीर भएनन् भने पद्धतिको सुधार भने हुनेछैन । त्यसैले शुद्धीकरणको प्रारम्भ राजनीतिबाटै हुनुपर्छ र यस्तो उच्च मनोबल भएको राजनीतिले मात्र कर्मचारी संयन्त्रको आलोचना गर्ने हैसियत राख्छ भन्ने चर्चा प्रशासनलाई नजिकबाट अध्ययन गर्नेहरूका बीच भइरहेको छ । राजधानी दैनिक

# खेलकुद

## टी-२० विश्व कप जित्ने टिमले २० करोड रुपैयाँभन्दा धेरै पुरस्कार पाउने

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले अस्ट्रेलियाको मेलबर्नमा हुने पुरुष टी-२० विश्व कपका लागि पुरस्कार राशिको घोषणा गरेको छ ।




आईसीसीका अनुसार विश्व कप जित्ने टिमले २० करोड रुपैयाँ (१६ लाख अमेरिकी डलर) भन्दा धेरै पाउने छ । यस्तै उपविजेताले यसको आधी अर्थात् आठ लाख अमेरिकी डलर पाउने छ । सेमिफाइनल पुग्ने टोलीले चार लाख डलर पाउने आईसीसीले जनाएको छ ।

टी-२० विश्व कपमा १७ टिमले खेल्नेछन्, यो प्रतियोगिता झन्डै एक महिनासम्म चल्ने छ । प्रतियोगितामा आठ टिम सुपर १२ मा आउर बाहिर हुनेछन् । जसमा हरेक टिमले ७० हजार डलर पाउने छन् । सुपर १२ मा पुग्ने आठ टिममा अफगानिस्तान, अस्ट्रेलिया, बङ्गलादेश, इङ्ल्यान्ड, भारत, न्युजिल्यान्ड, पाकिस्तान र दक्षिण अफ्रिका छन् ।

## एसियन कप छनोट खेल्ने १७ वर्षमुनिको टोली घोषणा

काठमाण्डौ । एसियन कप छनोट खेल्ने १७ वर्षमुनिको राष्ट्रिय फुटबल टोली घोषणा भएको छ । मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले १७ वर्षमुनिको टोली



घोषणा गरेका हुन् । उनले एसियन कप छनोटका लागि २३ सदस्यीय राष्ट्रिय टोलीको घोषणा गरे । श्रीलङ्कामा भएको साफ १७ वर्षमुनिको खेल लगत्तै उनले ३० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका थिए । नेपाल साफ १७ वर्षमुनिको खेलमा उपविजेता बनेको थियो । फाइनलमा नेपाली टोली भारतसँग ४-० ले पराजित हुँदै उपविजेता बनेको थियो । टोलीमा फरवार्डमा सुवास बम, श्रृजल राई तथा डिफेन्डरमा मदन पौडेल, युनिस मगर, दीपक थापा मगर, निशान्त तामाङ, सिमान्त थापा, अश्विन घोडाशैनी, धिरज विश्वकर्मा, राम थापा रहेका छन् । त्यस्तै मिडफिल्डरमा हरिश राज भट्ट, प्रशान्त लक्षम, विनोश केसी, श्रृयाङ्स मानन्धर, निरज कार्की, सरोज दर्लामी, युनिश बुढाथोकी, लक्षु थापा, धनसिंह बिके तथा गोलकिपरमा समिर चन्द, रुविन भोगटी, कृशल मोक्तान रहेका छन् ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

हेमन्त शेरचन
अध्यक्ष
सिटी मेट्रो यातायात प्रा.लि.
टोखा-४, बसुनधारा

## दशैं.......

(हिन्दु धर्म की शक्तिस्वरुपा देवी दुर्गा) को नौ वटा रूप शैलपुत्री, व्रह्मचारणी, चन्द्रघन्टा, कुशमन्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिधात्री विशेष पुजा तथा आराधाना गरिन्छ । नवदुर्गा भवानीका यी नव रूपको आश्विन शुक्लपक्ष प्रतिप्रदाकाका दिनदेखी महानवमीका दिनसम्म क्रमश: एक एक दिन गरी नौ दिनसम्म पुजा गर्ने गरिन्छ । दशौं दिन विजयादशमीमा भगवतिले दानवी शक्तिमाथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप मान्यजनबाट रातो टिका र जमरा लगाएर र आशिर्वाद थापेर मनाइन्छ । टाढा टाढा देखि आउने पाउनाहरूले पूर्णिमा सम्मै पनि टीका लगाएर आश्रीवाद लिने दिने गरिन्छ । यहाँ दशैंको प्रमुख चार दिनको चर्चा गरिएको छ ।

**महासप्तमी**

नवरात्रिको सातौं दिन फूलपाती हो। नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू घर घरमा भित्र्याइन्छ ।

वर्षा ऋतु सिद्धिएर शरद ऋतु को स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहदैनन् भन्ने धार्मिक तथा साँस्कृतिक मान्यता रहिआएको छ । यस दिन सदर टुँडिखेलमा फूलापाती बढाइँ भएपछि फूलपातीस्वरूप केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती यी नौ प्रकारका पातहरूलाई पूजी प्रत्येकको नौका दरले दुर्गापूजा गरेको स्थानमा भित्र्याइन्छ । यस दिन विशेष गरेर महासरस्वती तथा पुस्तक, कापी, कलम अनि मसीदानी आदिको पनि पूजा गरिन्छ । किसानहरू यस दिन खेतमा गई चन्दन, अक्षता र फूलले धानको पूजा गरी धानका बाला र बोट घरमा भित्र्याउँछन् । साथै यसै दिन गोरखा दरबारको दशैंघरबाट ल्याइएको फूलपाती राजधानी काठमाडौंको जमलमा ल्याई परेड र बढाइँका साथ हनुमानढोका दरवारमा भित्र्याइन्छ ।

महाष्टमी

नवरात्रिको आठौं दिन महाष्टमीमा महाकाली (भद्रकालीको विशेष पूजा( आजा गरिन्छ । देवीभागवत् अनुसार प्राचीन कालमा दक्ष प्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली ( करोडौं योनी(शक्ति)का साथ अष्टमीका दिन उत्पन्न भएकाले पूजा गर्ने चलन रहिआएको छ । पूजा पश्चात् मानिसहरू नवदुर्गा ,आ(आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बोका, कुखुरा, हाँस, राँगो आदि बलि दिन्छन् । शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौंला, आदि फल अर्पण गर्दछन् । महाअष्टमी र महानवमी बिचको रातलाई कालरात्रि मानेर रातभरि गुप्तपूजा गरिन्छ ।

महानवमी

नवरात्रिको नवौ दिन महानवमीमा विशेष गरी सिद्धिधात्री देवीको पूजा( आजा गरिन्छ । यसै दिन बिहान कूलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका कन्या अर्थात कुरमारीहरूको पनि पूजाआजा गर्ने चलन छ । बलिको अर्थ त्याग, बलि दिनु अर्थात् त्यागि दिनु भन्ने हुन्छ । नवदुर्गाका प्रसादले काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, छल, कपट, यी दश प्रकारका अवगुणहरू हटून् र सुख, शान्ति, समृद्धि प्राप्त होस् भन्ने भावले सबै दश अवगुणहरुको त्याग गर्दै आएकोमा पछिवाट कामको प्रतीक बोको, क्रोधको प्रतीक राँगो, लोभको प्रतीक भेडो, मद, मात्सर्यको प्रतीक कुखुरो र हाँसलाई मान्दै बलि चढाउँने चलन आएको मानिन्छ ।

विजया दशमी

नवरात्रिको दशौं दिनलाई विजयादशमी भनिन्छ । आश्विन महिनाको शुक्लपक्षको श्रवण नक्षत्रले युक्त दशमीलाई विजयादशमी भन्ने बुभ्नुपर्छ । यो दशैंको खास दिन हो ।

यस दिनमा भगवान रामचन्द्रले रावण माथि विजय प्राप्त गरेकाले यसलाई विजयादशमी भनिएको कथन छ । यस दिन घर घरमा सबैभन्दा पाको र जानकार ब्यक्तिले सोह्र सामाग्रीले भगवती दुर्गा र अरु देवीहरु तथा देवताको पूजा गरी, नौ दिनसम्म गरेको पूजाको काममा कुनै त्रुटि भयो कि भनी त्यसलाई पूरा गर्न तामाको थालीमा चन्दनले अष्टदल लेखी त्यसका बीचमा माटाका देवीका तीन प्रतिमा वा राता अक्षताका तीन थुप्रा राखी बीचमा अपराजित देवी, दाहिनेतिर जयादेवी, देब्रेतिर विजया देवीको आवाहन र सोह्र सामाग्रीले पूजा गरी यथाशक्ति हवन गरी जमरालाई पूजा गरी अनि भगवती दुर्गा र अन्य देवदेवीहरुलाई चढाइ आरती र पुष्पाञ्जलि गर्ने गरिन्छ । यति गर्नाले कसैले पनि आफूमाथि दमन (विजय) गर्न सक्दैन भन्ने धार्मिक विश्वास छ ।

त्यसपछि मन्त्र पढ्दै चन्दन, अक्षता, फूल छर्कंदै माफी माग्दै दुर्गा भगवती र अन्य देवीदेवतालाई विसर्जन गरी उठाएर अन्यत्र राखिन्छ ।

त्यसपछि देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ। त्यसपछि घरका मुलमान्छेले नव दुर्गा भगवतीको प्रसाद स्वरुप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशिर्वाद दिन्छन् । अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैंको लागि तयार पारी राखिएको नयाँ लुगा गहना लगाई टीका लगाउन जान्छन् । जसको लर्को तथा भिड भाड यत्र तत्र बाटोमा या बसमा प्रशस्तै देख्न सकिन्छ ।

यस दिन पिङ खेल्यो या भुइँबाट खुट्टा छोड्यो भने मरेपछि स्वर्ग गइन्छ भन्ने मान्यता समेत रहेको छ ।

दशैंमा टिका थाप्ने, जमरा पहिरिने, आशिष लिने, दक्षिणा लिने कुरा केवल परम्परा मात्र होइन, यसमा हाम्रो जीवनको मूल्य र मान्यताहरु पनि लुकेका छन। यीनिहरुको विशिष्ट अर्थ र महत्व पनि छ ।

दशैंको आर्शिवाद:

आशिष अर्थात आर्शिवाद । आफ्नो उन्नती, प्रगति, दीर्घायुका लागि मान्यजनले राख्ने सदिच्छा ।

दशैंमा अक्सर आफुभन्दा ठूला, मान्यजनबाट टिका लगाएर आशिर्वचन दिने गरिन्छ । यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने संकेत गर्छ । मान्यजनले दिने आशिष हाम्रो निम्ति जीवनोपयोगी हुन्छ भन्ने पनि हो । साथै ठूलाबडाहरुले आफुभन्दा सानालाई सही मार्गदर्शन दिनुपर्छ । सही संस्कार दिनुपर्छ भन्ने सन्देश पनि हो यो ।

## दशैं....

गरेको स्थानीय छमकली कुँवरले बताउनुभयो । उहाँले बढ्दो शहरीकरणका कारण र बसाइ सराइका कारण गाउँहरु बिस्तारै उजाडिदै गएको बताउनुभयो ।

अघिपछि गाउँ शून्य हुन्छ, मर्दा पर्दा समेत समस्या छ, तर दशैं आएपछि गाउँ मात्रै भरिदैन गाउँको खुशी नै फर्कन्छ उहाँले भन्नुभयो गाउँ भरिभराउ हुन्छ, एक वर्षमा भएपनि दशैंको टीका गाउँमै लगाउने जनाउँदै बजारमा घर भएकाहरु समेत गाउँ फर्कन्छन्, अघि पछि शून्य गाउँ दशैं आएपछि चहल पहल हुन्छ । उहाँका अनुसार गाउँमा मानिसको भीडभाड र परिवारका सबै मानिस जम्मा भएपछि हुँने रमाइलोले दशैंको महत्वलाई झल्काउने गरेको छ ।

नेपालीको मुख्य चाडपर्वका रुपमा रहेको दशैं, शुभदीपावली, छठ तथा नेपालसम्बत मनाउन घर फर्कनेको लर्को र किनमेलका लागि बागलुङ बजारमा चहल पहल छाएको व्यपारीहरुले बताएका छन् । गाउँ जाने यातयातका साधनहरुले धमाधम गाउँमा यात्रु ओसारीरहेका छन् ।

दशैंमा घर रातोमाटो, पहेँलोमाटो र कमेरोले लिप पोत गर्ने, विग्रे भत्केको मर्मत गर्ने, आगन तथा बाटो घाटो सरसफाइ गर्ने प्रचलनले दशैंमा खोसिएको गाउँको खुशी फर्कन्छ ।

तर शहरबाट गाउँसम्मको यात्रा त्यति सहज भने छैन । सडक कच्ची हुँदा यात्रुले भोग्ने समस्या त जहिले पनि उस्तै छ अझ त्यो भन्दा बढी चाहिँ सवारी साधन नपाएर यात्रुहरुले सास्ती पाइरहेका छन । सार्वजनिक सवारी साधनमा मानिस खचाखच भरिँदा छतमा बसेर यात्रा गर्नुपर्ने बाध्यता छ । यसले जोखिम पनि उत्तिकै निम्त्याउँछ । चर्को भाडा तिर्नुपर्ने बाध्यता पनि यात्रुलाई छ । यस्तो सास्ती व्यहोरेरै भएपनि गाउँको रमाइलो दशैंले दुख विर्स्याइदिएको झल्को यात्रामा रहेका मानिसहरुको लर्कोबाट हुन्छ ॥

## दशैं र.....

पछिल्लो भाग दुवै तर्फबाट देखिन्छ । सुरक्षण धागोमा 'एनआरबी' र उक्त 'एनआरबी'को ऐनामा देखिने उल्टो प्रतिविम्बी रुप क्रमैसँग लहर मिलाएर लेखिएको छ । नोटलाई सामान्य रुपमा हेर्दा नोटको अग्रभागमा उक्त सुरक्षण धागोका केही अंशहरु मात्र देखिन्छ । नोटलाई उज्यालो प्रकाशतर्फ राखेर हेर्दा अथवा नोटको पछाडिबाट लाइटको माध्यमबाट नोटमा प्रकाश प्रसारण हुँदा नोटको पूरै चौडाइ भागमा सुरक्षण धागो रहेको देखिन्छ । उक्त सुरक्षण धागो नोटको कागजमाथिबाट प्रिन्ट नभई नोटको कागज बनाउने क्रममानै बनाइने हुँदा नोटको अग्रभाग र पृष्ठभाग दुवैतर्फबाट नोटलाई उज्यालो प्रकाशतर्फ राखेर हेर्दा नोटको पूरै चौडाइँ भागमा सुरक्षण धागो देखिन्छ ।साथै, नोटको अग्र भागमा लेखिएका वाक्यांशहरु उक्त सुरक्षण धागो रहेको स्थानमा समेत स्पष्ट प्रिन्ट भएको देखिन्छ ।

## हत्या गरेको अभियोगमा पक्राउ

झापा, आफ्नै आमा ५० वर्षीया चन्द्रकला माझी र काका ५० वर्षीय सन्त बहादुर माझीको हत्या गरेको अभियोगमा कमल गाउँपालिका(२ मिलन चौक सिमलडाँगी बस्ने २० वर्षीय चन्द्र माझीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । चन्द्रले खुकुरी प्रहार गर्दा दुबै जनाको घट्नास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# अन्तराष्ट्रिय समाचार

## अफगानिस्तानले पाकिस्तानी मुद्रामा लगायो प्रतिबन्ध

अफगानिस्तानले पाकिस्तानी मुद्राको प्रयोगमा प्रतिबन्ध लगाएको छ । तालिवान सरकारले आफ्नो देशमा पाकिस्तानी मुद्राको प्रयोगमा प्रतिबन्ध लगाएको हो । अफगानिस्तान र पाकिस्तानबीच बढ्दो तनावको प्रभाव मुद्रामा परेको छ । अफगान समाचार संस्था खामा प्रेसका अनुसार पाकिस्तानी मुद्रामाथिको प्रतिबन्ध अक्टोबर १ तारिख शनिबारदेखि नै लागू भएको हो । तालिवान गुप्तचर निकायले अफगानिस्तानमा आर्थिक लेनदेनमा पाकिस्तानी मुद्राको प्रयोगलाई पूर्ण रूपमा प्रतिबन्ध गरिएको घोषणा गरेको छ । यो आदेश तालिवानको सम्पत्ति शुद्धिकरण शाखाले मनी एक्सचेन्ज एशोसिएसनलाई जानकारी गराएको थियो । आदेश अनुसार स्थानान्तरण, व्यापार र मुद्रा विनिमयसहित सबै वित्तीय लेनदेनलाई सीमित मात्र नगरी निषेधित गरिएको छ । गत वर्षको अगष्टमा तालिवानले सत्ता कब्जा गरे यता दुई देशबीचको सम्बन्धमा विभिन्न कारणले तिक्तता आएको छ ।

## रुसद्वारा युक्रेनका चार वटा क्षेत्र आफ्नो मुलुकमा गाभिएको घोषणा

रुसले युक्रेनका चार वटा क्षेत्रलाई औपचारिक रुपमा गाभेको छ । मस्कोको रेड स्क्वायरमा आयोजित समारोहमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वी युक्रेनका दोनेत्स्क र लुहान्स्क रुसमा गाभिएको घोषणा गरेका छन् । यसअघि क्रेमलिनको सेन्ट जर्ज हलमा रुसमा गाभिने क्षेत्रका पृथकतावादी नेताहरू र रुसी अधिकारीहरूबीच सम्झौतामा हस्ताक्षर भएको थियो । चार दिन अघि रुसले ती क्षेत्रहरुमा जनमत संग्रह गराएकोमा ९० प्रतिशत बढी मत रुसमा गाभिने पक्षमा आएको दाबी गरिएको थियो । संयुक्त राष्ट्रसंघ, युक्रेन र उसका साझेदारहरूले ती जनमतसंग्रहलाई गैरकानूनी भन्दै आलोचना गर्दै आएका छन् । राष्ट्रसंघले त्यसरी अर्को देशको भूमि आफूमा गाभ्नुले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुने जनाएको थियो । रुसले ती क्षेत्रमा नियुक्त गरेका नेताहरूले औपचारिक पत्रमा हस्ताक्षर गरेका छन् । यता, युरोपेली युनियनअन्तर्गतका देशहरूले रुसको कदमको स्पष्ट रुपमा निन्दा गर्दै त्यसलाई अस्वीकार गर्ने बताएका छन् । युक्रेनी भू(भागलाई आफूमा गाभ्ने रुसको कदमलाई उनीहरूले गैरकानूनी भनेका छन् । एउटा संयुक्त विज्ञप्तिमा ती देशका नेताहरूले त्यसरी गाभिएको क्षेत्रको पहिचान कहिल्यै नगरिने बताएका हुन् । उनीहरूले रुसको त्यस्तो कार्यले विश्वव्यापी सुरक्षालाई खतरामा पारेको बताएका छन् । युक्रेनसँगको ऐक्यबद्धता पनि उनीहरूले दोहोऱ्याएका छन् । रुसको परमाणु धम्कीले आफूहरूको सङ्कल्प नडग्मगिने पनि उनीहरूले बताएका छन् । युरोपेली आयोगकी प्रमुख उर्जुला फोन डेर लायनले पुटिनको कदमले केही पनि परिवर्तन नगरेको बताए । यसअघि थुप्रै नागरिकहरू ज्यापोरिज्यास्थित रुसी हमलामा मारिएको र घाइते भएको भन्ने विवरण आएका थिए । कियभले भने आफ्नो कब्जा गरिएका क्षेत्र फिर्ता गर्नका लागि संघर्ष निरन्तर राख्ने जनाएको छ । यसअघि सन् २०१४ मा पनि रुसले युक्रेनको क्राइमिया पनि आफूमा गाभेको थियो ।

## अफ्रिकी मुलुक बुर्किना फासोमा फेरि सैनिक 'कू'

अफ्रिकी मुलुक बुर्किना फासोको सेनाले सैन्य नेता पाउल हेनरी दामिबाको सरकार अपदस्थ गरेको छ । सरकार विघटनसँगै सेनाले संकटकाल लगाएको छ । सेनाका क्याप्टेन इब्राहिम ट्रोरेले राष्ट्रिय टेलिभिजनमा सम्बोधनमार्फत सत्ता हात लिएर संक्रमणकाल लगाएको घोषणा गरेको हो । उहाँले देशमा बिग्रँदै गएको सशस्त्र विद्रोहको सामना गर्न नसक्ने कारण दामिबालाई हटाउनुपरेको बताएका छन् । नयाँ सरकार गठन भएसँगै कर्फ्यू लगाइएको छ भने विभिन्न नाकाहरू बन्द गरिएको छ । त्यसैगरी सबै राजनीतिक दल र नागरिक समाजका गतिविधिहरूलाई पूर्ण रूपमा बन्देज लगाइएको छ । पश्चिमी अफ्रिकी मुलुकका लागि ८ महिनामा यो दोस्रो पटक सत्ता परिवर्तन भएको हो । दामिबाले यसअघि जनवरीमा पूर्व राष्ट्रपति रोच काबोरलाई अपदस्थ गरी सत्ता लिएको थियो । त्यसलगत्तै मुलुकको सुरूक्षा व्यवस्था खलबलिएको भन्दै सर्वसाधारणले चिन्ता व्यक्त गरेका थिए । अस्थिर सरकारको फाइदा उठाउँदै विद्रोही बुर्किना फासोले अलकयदासँग सम्बन्धित केही विद्रोही समूहहरूलाई आफ्नो नियन्त्रणमा लिन संघर्ष गरिरहेको छ । सो क्रममा भएका हिंसात्मक गतिविधि बढेको भन्दै चिन्तासमेत व्यक्त गरिएको छ ।

## फुटबल भागदौडमा इन्डोनेसियामा मृत्यु हुनेको संख्या १७४ पुग्यो

इन्डोनेसियामा एक फुटबल खेलपछि भएको भागदौडमा कम्तीमा १ सय ७४ को मृत्यु भएको र १ सय ८० घाइते भएको त्यहाँको प्रहरीले आइतबार जनाएको छ । यसलाई विश्व फुटबल इतिहासकै सबैभन्दा खराब र ठूलो दुर्घटना मानिएको छ । शनिबार राति इस्ट जाभामा आरेमा एफसी र पेरसेबाया सुरबयाबीचको खेलमा यो दुर्घटना भएको हो । घरेलु टोली आरेमा आफ्नो परम प्रतिद्वन्द्वी टोलीसँग पराजित भएपछि रंगशाला भित्र भरिभराउ घरेलु समर्थक आक्रोशित हुन पुगेका थिए । पराजित टिमका समर्थक आक्रोशित हुँदै मैदानमा प्रवेश गरेपछि प्रहरीले स्थिति नियन्त्रण गर्न अश्रुग्यास प्रहार गरेको थियो । यसै क्रममा फुटबल समर्थकबीच भागदौड भएको थियो । इस्ट जाभाका प्रहरी प्रमुख निको एभिनटाले भागदौडका क्रममा एक अर्कोमाथि थिच्चिएर र निसासिएर मृत्यु भएको पत्रकारलाई बताएका छन ।

उनले भनेका छन्, 'समर्थकले प्रहरीमाथि आक्रमण सुरु गर्दै गाडीमा तोडफोड गरेका थिए । यसैक्रममा दर्शकको रंगशालाबाट बाहिरिने ढोकामा भागदौड भएको थियो ।' स्थानीय मिडियाले प्रसारित गरेको भिडियो फुटेजमा समर्थकहरू मालांगास्थित फुटबल रंशगालामा मैदानमा प्रवेश गरेको देखाइएको छ । यस्तै अन्य दृश्यमा लासको चाङ रहेको छ । अस्पतालका एक निर्देशकले स्थानीय टेलिभिजनलाई बताएअनुसार मृत्यु हुनेमा एक पाँच वर्षीय बालक पनि रहेका छन । इन्डोनेसियामा फुटबलसँग सम्बन्धित हिंसात्मक हुलदंगा हुने गरेका छन । स्थानीय परस्पर विरोधी फुटबल क्लबका समर्थकबीच तीव्र प्रतिद्वन्द्वीताबीच बारम्बार झगडा हुने गरेको छ । घटनाको छानबिनको स्थानीय सरकारले आदेश दिइसकेको छ । प्रहरी प्रमुख निकोका अनुसार मृत्यु हुनेमध्ये ३४ को रंगशालामै निधन भएको र बाँकीले अस्पताल पुगेपछि ज्यान गुमाएको बताएका छन ।

## अमेरिकामा इयान आँधीको कहर

समुद्री आँधी इयानले अमेरिकाको फ्लोरिडा र साउथ क्यारोलिनामा व्यापक क्षति निम्त्याएको छ । शुक्रबार साँझसम्म फ्लोरिडामा मात्रै २१ जनाको मृत्यु भइसकेको छरु। उच्च गतिको हावा, वर्षा र बाढीले समुद्री तटीय क्षेत्रका लाखौं मानिस प्रभावित भएका छन । घर, भवनलगायतका संरचना भत्किएका छन् भने जलमग्न सडक तथा बस्तीमा कार, बस, पानीजहाज तैरिरहेका देख्न सकिन्छ । फ्लोरिडामा मात्रै १६ लाख घर विद्युत्विहीन भएका छन्रु। साउथ क्यारोलिनामा यो संख्या २ लाखभन्दा माथि छ । समुद्रबाट १३० किलोमिटर टाढाको दक्षिणी सहर चार्ल्सटनमा पहिरो गएको छ । रुखहरू भाँचिएर कतिपय सडकमा आउजाउ ठप्प छ ।

# दशैंमा हजुरबुबालाई नातिनीको चिठी

प्राञ्जली पौडेल

यदि कसैको सम्झनामा बगेका आँशुहरु सम्हालेर भऱ्याङ बनाउन सकिने भए म त्यो भऱ्याङ स्वर्ग जाने बाटोमा राख्ने थिए । जतिबेला



तपाईंको अभाव खट्किन्छ, न्यास्रो लाग्छ त्यहीबेला सुटुक्कै कसैले थाहै नपाई धीत मरुञ्जेल तपाईंको काखमा बसेर फर्किन्थे ।

मेरो प्यारो हजुरबुबा स्वर्गका दूतहरु पृथ्वीमा आउन लागेको बेला खबर पठाउनु, मेरो नातिनीले मेरो लागि लेखेको चिठी लिएर आउनु भनेर '। म यहाँ सुखी छु, चाहेको कुराहरु लगभग पुगेका छन् ।

तपाईंले भने जस्तै यहाँ मलाई माया गर्नेहरु प्रशस्तै छन् । जिन्दगीदेखि निराश, दुःखी छैन म । तर तपाईंलाई भन्नैपर्छ तपाईबिना खुसी पटक्कै छैन म । तपाईंले आफ्नो सबैभन्दा मूल्यवान सम्पत्ति जसरी जतन गरेर मलाई माया गर्नुभयो । सायद त्यही मायाको अभाव खट्किदो हो बेलाबेला । पैतालामुनि हत्केला राखेर हुर्काएको भन्ने वाक्य कसैलाई भन्नुपर्दा त्यो पहिलो श्रेय तपाईंलाई जान्छ मेरो प्यारो हजुरबुबा ।

तपाईंले मलाई आफूलाई आउने सबै कुरा सिकाएर जानुभयो । जनै काट्न, गीता, देवीभगवत्, कृष्णचरित्र, रामायण पढ्न । संस्कृतको श्लोक उच्चारण गर्न ।

घरवरिपरि फूलहरु रोप्न, गोड्न । गाई, कुकुर, बिरालो अनि बाख्राको पाठालाई माया गर्न । थर्मामिटरबाट पारो नाप्न, प्रेसर नाप्न, घाउमा ब्यान्डेज बान्न, हात खुट्टा मर्किंदा काम्रो बान्न, गुन्द्रुकको तरकारी र अमिली भ्यान्टाको अचार मीठो बनाउन । तपाईंले जानेका, तपाईंले गरेका सबै कुरा मलाई सिकाएर जानुभयो । जुन अझै पनि म धेरथोर जान्दछु । मरेर जानेहरुले आफ्ना सन्ततिलाई छोडेर जाने कुरा यस्तै हुदाँ हुन् आफूले जानेका सिकेका कुराहरु ।

तर मैले तपाईबाट यति कुरा मात्रै सिकिन, तपाईंले भोगेको पूरा जिन्दगीबाट मैले सङ्घर्ष गर्न, हिम्मत नहार्न र मिहिनेती बन्न सिकें । म कहिलेकाहीं सोच्छु कसरी तपाईले २० वर्षसम्म आफ्नो प्यारालाइज भएर कुजो शरीर लिएर पनि मुस्कुराउन सक्नुभयो होला ? आमा कहिलेकाहीं छोरा, नातिको कुरा लिएर चिन्तित हुँदा सम्झाएको सम्झन्छु, तपाईंमा कतिधेरै आत्मबल थियो । परिस्थितिलाई सहजै स्वीकार गर्न सक्ने क्षमता थियो ।

मलाई कहिले मेरो हजुरबुबा रिसाउनु हुन्छ, झर्किनु हुन्छ भन्ने ज्ञान भएन, यसबाट तपाईं कति धेरै सहनशील हुनुहुँदो रहेछ भन्ने लाग्छ अहिले । मेरो जिन्दगीले २१ वर्षको यात्रा गर्दैछ । मैले १९ वर्ष तपाईंको काखमा बसेर पूर्ण जिन्दगी बिताएँ । मेरो पहिलो बोली पनि बुबाबाट नै सुरु भएको रे । मैले पहिलोपल्ट कलम समाउन पनि तपाईंबाटै सिकें । क, ख, ग घ" सानो खालको ब, द, अ, म'.. ठूलो खालको ब, द्य, ॠ, म '.. दुनोट, भाग, जोड, घटाउ सबै तपाईंबाटै सिकें । पहिलोपल्ट आफ्नो नाम लेख्न र भन्न पनि । मलाई अझै याद छ कसरी दलानको खाटमा तपाईंको काखमा बसेर लेघ्रो पसारीपसारी लेखनाथ पौडेलको 'उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर, फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ ?' भन्दै भट्याएको ।

मलाई अल्छी लाग्दा तपाईं मलाई आफ्नो बाल्यकालको आफ्नी हजुरआमाको प्यारो नाति भई खाएको, तिम्रो उमेरमा त, म झाँक्री ओडारमा गाईवस्तु लिएर एक्लै बसेको, कसरी दोभानको दहमा बाकटे हानेकोदेखि लिएर, आफू सेना हुँदाको जागिरे जीवनसम्मको कुरा सुनाउनुहुन्थो । मलाई तपाईंको जागिरे जीवनको कथा सुन्न साह्रै रमाइलो लाग्थो । नेपालगञ्जको गर्मी खप्न नसकेको कुरा, अनि महेन्द्र सरकार (त्कालीन राजा महेन्द्र शाह) सिकार खेल्न आउँदा, उहाँसँगै जङ्गल घुमेको कुराहरु । कसरी आर्मी ब्यारेक छेउछाउको मान्छे बिरामी हुँदा पनि औषधि खान नमान्दा मलाई झारफुक पनि गर्न आउँछ भन्दै फुकेजस्तो गरे औषधि खुवाई ठीक बनाएका कुराहरु'.।

कति धेरै कुरा छन्, तपाईंलाई सुनाउनुपर्ने, कति खुसीका कुरा पनि छन् । सुनेर तपाईं पनि पक्कै खुसी हुनुहुने छ । सबै सुनाउन मन थियो तर स्वर्गका दूतहरु चिठी लामो भयो भनेर लैजान मान्दैनन् कि भन्ने डर लागेर चिठी छोट्याउँदै छु । अहिले दशैं लाग्यो हिजोबाट घटस्थापना सुरु भयो तपाईंले पनि थाहा पाइसक्नुभयो होला ? यसरी दशैं नजिकिंदै गर्दा तपाईं झन् धेरै यादमा आइराख्नु हुन्छ । घटस्थापनादेखि दशैंसम्म सँगै मनाएका दिनहरु । अरुहरुले दशैंमा तास खेलेको देख्दा मलाई पनि तपाईंसँगै बसेर चलिफलास खेल्न मन लाग्छ ।

थाहा छ, नफर्किने बाटो गएकाहरु फर्किएर आउने छैनन् । हाम्रा सबै कुराहरु प्रारब्धमै निर्धारित भएका हुन्छन् । सबैकुरा थाहा भएर पनि कहिलेकाहीं यस्तो नभइदिए, भेट्न पाउने भए जस्तो लागिरहन्छ । हुन त यी मनका भावनाहरु, एकैछिनमा यथार्थको धरातलमा उभिएर विचार गर्नुपर्छ । तर पनि तपाईंलाई मेरो बिन्ती छ, सपनामै किन नहोस् यो दशैं फेरि सँगै मनाउँ हामी पहिलेको जस्तै ।

अनि जाँदाजाँदै तपाईंसँग मेरो गुनासो पनि छ, आजकाल सपनामा भेट नभएको धेरै भयो, लगभग महिनौं जस्तो फुर्सद छैन कि कसो ?

अन्त्यमा उही तपाईंकी प्राणभन्दा प्यारी नातिनी ।

## दशैं



राजेन्द्र पौडेल

हिलो र मैलो कचरा पखाल्यो
लाग्यो दशै मिर्मिर भो उजाल्यो
आकास छन् निर्मल स्वच्छ गंगा
उडि्छन् खुशी भै मन भित्र चङ्गा ।


जाडो र गर्मी न सुखा न बाढी
न कामका डङ्गुर छन् अगाडि
मिल्दा सबै प्राकृत तारतम्य
संसार नै लाग्छ सुखी सुरम्य ।

राता पहेला जब फूल फुल्छन्
त्यै मोहमा कीटपतङ्ग भुल्छन्
पन्छी डुले भुर्भुर पात पात
उमङ्गको प्रारुप भो प्रभात ।

देखिन्न पीडा पशुपन्छी माझ
आनन्दले लठ्ठ छ यो समाज
तोडी सबै दानव रूपजाल
दुर्गा बनायौं धरती कमाल ।

फालेर मैलो मन भित्र देखि
तोडी अहंकार घमण्ड शेखी
आयो दशै हर्षित भावनाले
मानौं मनाऔं शुभकामनाले।।

## नवदुर्गा सुसेली:



दुर्गा भमरकोटे

तप गरौं है
नवदुर्गा सुसेली
मन्त्र जपौं है ।

मेरो नमन
सुरक्षित दशैको
शुभकामना ।

घटस्थापना
नवदुर्गा भवानी
प्रतिष्ठापना ।

राम्रो सौभाग्य
शैलपुत्री आरोग्य
भर ऐश्वर्य ।१

भक्ति प्रतीक
माता ब्रम्हचारिणी
पुजा विषेश ।२

चन्द्रघण्टाको
मणिपुर चक्रमा
ध्यान गर्ने हो ।३

जपे कूष्माण्डा
रोग दोष शोकको
अन्त्य हुने हो ।४

दायाँ तिर छन्
देवी शान्ति मोक्षकी
स्कन्दमाता हुन् ।५

कात्यायनीले
गर्छिन् मोक्ष प्रदान
अभयदान ।६

कालरात्रीले
ललाटमा ध्यानले
पुर्ण ज्ञानले ।७

महागौरीको
अलौकिक सिद्धिको
पुजा विधिको ।८

परें शरण
सिद्धिदात्री माताले
सिद्ध गरन ।९

पर्छु शरण
नवदुर्गा भवानी
रक्षा गरन ।१०

# दशैं र चुनावको मुखमा जाली नोटको त्रास, कसरी चिन्ने सक्कली ?

काठमाडौं । दशैं पैसाको धेरै कारोबार हुने चाड हो । यो समयमा नगद कारोबार र दान दक्षिणाका लागि नगदको प्रवाह धेरै हुन्छ ।

दशैंमा दान दक्षिणा र पूजाआजाका लागि नयाँ नोटको प्रचलन छ । बजारमा भिडभाड हुन्छ र नगद कारोबार पनि बाक्लो मात्रामा हुन्छ । दशैं खर्च गर्न वा दक्षिणा दिन तयार पारिएका नयाँ नोटहरुबारे उपभोक्ता सचेत हुनुपर्छ ।

तर, नयाँ नोट बजारमा आएका बेला नै जाली नोट कारोबारीहरु सक्रिय हुन्छन् । दशैंको टीकापछि पसलहरुमा नयाँ नोट आउँछन् भने उपभोक्ताले फिर्ता पाउने नोट पनि धेरै नयाँ नै हुन्छन् ।

राष्ट्र बैंकका मुद्रा व्यवस्थापन विभागका प्रमुख रेवतीप्रसाद नेपालका अनुसार २२ अर्बभन्दा बढी नयाँ नोट बजारमा गएको छ । यस्ता नयाँ नोटमा कारोबारीहरुले जाली नोटमिसासक्ने हुन सक्ने सम्भावना धेरै हुने भएकाले उपभोक्ताहरुले ध्यान दिनुपर्छ ।

नेपाल राष्ट्र बैंककाअनुसार ठूला चाडबाडका बेला नक्कली नोटहरु भेटिन सक्छन् । नक्कली नोटको कारोबार ठूला चाडपर्व र चुनावका बेला धेरै हुने हुन्छ । यो वर्ष चुनाव पनि नजिकिएकाले जाली नोटको कारोबार बढ्ने सम्भावना बढी रहेको राष्ट्र बैंकका एक अधिकारीले बताए ।

चाडवाड तथा चुनावका बेलामा सुरक्षा अंग र राज्यको ध्यान शान्ति सुरक्षामा बढी व्यस्त हुने हुँदा यस्तो मौकामा नक्कली नोटको कारोबार गर्न सहज हुने ठानेर अपराधिक गिरोहले नक्कली नोटको कारोबार गर्न सक्ने उनी बताउँछन् ।

दशैंका बेला जतात्यतै भीड हुने भएकाले पनि नक्कली नोटको कारोबार बढी हुने गरेको डर व्यवसायीलाई पनि हुन्छ । बानेश्वरका कपडा व्यवसायी सन्तोष रौनियार नयाँनोट जाँच गरेर मात्रै लिने गरेको सुनाउँछन् ।

'पसलमा भीड हुन्छ, राम्रोसँग नोट हेर्न फुर्सद त हुँदैन,' उनी भन्छन्,'नयाँ नोट आयो भने कम्तीमा त्यो नक्कली हो कि भन्ने डर हुन्छ ।'

धेरै जसो नक्कली नोटहरु ठूला दरका हुन्छन् । नेपालमा नक्कली भेटिने नोटमा ५ सय र १ हजार दरका हुन् । त्यसैले दशैंमा नयाँ नोटको कारोबार र प्रयोग गर्दा सजग हुनुपर्ने राष्ट्र बैंकका अधिकारीहरुको सुझाव छ ।

नक्कली नोटहरु बजारमा छरिएमा उपभोक्ता ठगिन्छन् भने अर्थतन्त्रमा नकारात्मक प्रभावहरु पर्छन् । कानुनी हिसावले जाली नोटको कारोबार गर्नु दण्डनीय हुन्छ । नक्कली नोटका कारोबारीहरुलाई ५ वर्षदेखि १० वर्षसम्म कैद र ५० हजार देखि १ लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने मुलुकी अपराध संहिताको दफा २५६ मा व्यवस्था छ ।

### कसरी चिन्ने नोट ?

राष्ट्र बैंकका अनुसार नक्कली नोट र सक्कली नोटमा धेरै फरक हुने भएकाले छुट्याउन धेरै गाह्रो हुँदैन । सक्कली नोट खस्रो हुन्छ । साथै अंकहरुसमेत केही उठेका हुन्छन् । छाम्दाखेरि चिल्लो छ र अंकहरु उठेका छैनन् भने त्यो नोट नक्कली हुने सम्भावना बढी हुन्छ ।

सक्कली नोटको बीच भागमा सुरक्षा धागो हुन्छ । नोटलाई उज्यालोतिर फर्काएर हेरेमा नेपाल राष्ट्र बैंक लेखिएको पढ्न सकिन्छ । तर, नक्कली नोटमा राखिएको सुरक्षा धागोले नोटका अक्षरहरु छोपिएका हुन्छन् ।

सबैभन्दा महत्वपूर्ण कुरा त नोट पहिचान गर्दा कुनै एक मात्र सुरक्षण विशेषतामा भर नपरी सबै सुरक्षण विशेषताहरु भए/नभएको बारे यकिन गर्नु पर्ने हुन्छ ।

नोटलाई उज्यालो प्रकाशतर्फ राखेर हेर्दा अथवा नोटको पछाडिबाट लाईट (टर्च लाइट/मोबाइलको लाइट) को माध्यमबाट नोटको उक्त स्थानमा प्रकाश प्रसारण हुँदा लालीगुँरासको आकृति स्पष्ट देखिन्छ ।

उक्त लालीगुँरासको आकृतिको पानीछाप नोटको कागजमाथिबाट प्रिन्ट नभई नोटको कागज बनाउने क्रममानै बनाइने हुँदा नोटको अग्रभाग (नोटको नम्बर, सगरमाथाको चित्र र गभर्नरको दस्तखत भएको भाग) र पृष्ठभाग ( एक वटा हात्ती) भएको भाग दुवै तर्फबाट हेर्दा उत्तिकै स्पष्ट देखिन्छ ।

त्यसैगरी नेपाल राष्ट्र बैंकको संक्षिप्त रुप 'एनआरबी' (अंग्रेजीमा) को केही अंश नोटको अघिल्लो भागमा र उक्त एनआरबी को बाँकी अंश नोटको पछाडि भागमा एकै पटक प्रिन्ट गरिएको छ ।नोटको उक्त 'एनआरबी' प्रिन्ट गरिएको स्थानमा सामान्य अवस्थामा हेर्दा पूरा नदेखिने तर नोटलाई उज्यालो प्रकाशतर्फ राखेर हेर्दा अथवा नोटको पछाडिबाट लाइटको माध्यमबाट उक्त स्थानमा प्रकाश प्रसारण हुँदा पूरा तथा स्पष्ट एनआरबी देखिन्छ । उक्त एनआरबी अक्षर नोटको अघिल्लो भाग र बाँकी ६ पृष्ठमा

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७९ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



यज्ञदास श्रेष्ठ
अध्यक्ष
ग्रील तथा स्टिल व्यवसायी संघ
काठमाडौं (परिवार)

# बढ्दै छ एड्भेन्चर बाइकमा आकर्षण : यी हुन् २०२३ मा लन्च हुने नयाँ एड्भेन्चर बाइक

दुई पाङ्ग्रे सवारी साधनको बजार दिन प्रतिदिन विकसित हुँदै गइरहेको छ । अहिले स्पोर्ट्स बाइकसँगै एडभेन्चर बाइकले पनि ग्राहकहरुको ध्यान खिच्न थालेको छ । सन् २०२३ सम्ममा भारतमा ५ वटा शक्तिशाली एड्भेन्चर बाइक प्रवेश गर्ने भएका छन् । यी एड्भेन्चर बाइक हाइब्रिड भए तापनि सामान्य दिनमा सडकमा सजिलै चलाउन सकिनेछ ।

**हिमालयन ४५०**

रोयल इन्फिल्डको हिमालयन बाइक निकै लोकप्रिय छ । यो अफरोड एड्भेन्चर बाइक हो । कम्पनीले यसको नयाँ भेरिएन्ट सार्वजनिक गर्ने योजना बनाएको छ । कम्पनीले सो बाइक अर्को वर्षको सुरुमा लन्च गर्ने सम्भावना रहेको छ । पुरानो मोडलमा ४०० सीसी इन्जिन जडान गरिएको छ भने नयाँ मोडलमा ४५० सीसी लिक्विडकुल्ड इन्जिन जडान गरिएको छ ।

**एक्सपल्स ४००**

हिरो एक्सपल्सको धेरै मोडल लन्च भइसकेको छ । अब हिरो मोटोकर्पले एक्सपल्सलाई नयाँ इन्जिनसहित लन्च गर्ने तयारी गरिरहेको छ । नयाँ मोडल एक्सपल्सको बीएफएम प्याकेज हुनेछ । रिपोर्टका अनुसार यसमा ४२१ सीसी इन्जिन हुनेछ र यो २०२३ मार्चपछि भारतमा लन्च गर्नेछ ।

**टीभीएस ३१० एडीभी**

टीभीएस कम्पनी नयाँ बाइक टीभीएस ३१० एडीभीमा काम गरिरहेको छ । सो बाइक बीएमडब्ल्यु जी३१० जीएसको प्लेटफर्मलाई ध्यानमा राखेर बनाइएको हो । सो बाइकमा ३१२.२ सीसी फायरक्राकर इन्जिन जडान गर्नेछ, जसले ३३.५२ बीएचपी पावर र २७.३ एनएम टर्क जेनेरेट गर्नेछ ।

**जोन्टेस ३५०टी**

जोन्टेसले भारतमा आफ्नो पहिलो एड्भेन्चर बाइक जोन्टेस ३५०टी बाइक चाँडै नै लन्च गर्ने योजना बनाएको छ । यसको ५ इन्चको कल टीएफटी, एलईडी हेडल्याम्प र डीआरएलले बाइकको लुक्सलाई युनिक बनाउनेछ । यसमा ३४८ सीसी लिक्विड कुल्ड, सिंगल सिलिन्डर इन्जिनले पावर दिनेछ ।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
-आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ ।

त्यसैले,

धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड











जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, कार्यकारी सम्पादक विनोद कार्की, ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस